# वीरेन्द्रनगरमा फुटपाथ व्यवसायको अवस्था

## नीतिगत बाधाहरू र समाधानका उपायहरू



ऋति फाउण्डेशन

२०७९

# वीरेन्द्रनगरमा फुटपाथ व्यवसायको अवस्था

## नीतिगत बाधाहरू र समाधानका उपायहरू

प्रकाशक:

ऋति फाउण्डेशन

सहयोग:

ATLAS NETWORK

**प्रकाशक**ः
ऋति फाउण्डेशन, वीरेन्द्रनगर नगरपालिका ८ सुर्खेत ।
फोनः ०८३५२१५६४
ईमेलः hritifoundation@gmail.com info@hriti.org
वेवसाइटः www.hriti.org

© ऋति फाउण्डेशन
यस प्रकाशनको सम्पुर्ण अधिकार ऋति फाउण्डेशनमा निहित छ । यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन । यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा ऋति फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ । यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन । अन्यको हकमा पनि यही नियम लागु हुनेछ ।

This page intentionally left blank.

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. वीरेन्द्रनगरको परिचय | ६ |
| ३. कानुनी व्यवस्था | ८ |
| ४. फुटपाथ व्यवस्थापनका लागि भएका राष्ट्रिय/अन्तराष्ट्रिय प्रयासहरु | १० |
| ५. फुटपाथ व्यवसायको सामाजिक एवं आर्थिक महत्व | १४ |
| ६. वीरन्द्रनगरमा फुटपाथ व्यवसायको अवस्था | १६ |
| ७. निष्कर्ष एवं सुझाबहरु | २२ |
| सन्दर्भसामाग्री | २६ |

This page intentionally left blank.

# कृतज्ञता ज्ञापन

वीरेन्द्रनगरमा फुटपाथको अवस्था, नीतिगत बाधाहरु र समाधानका उपायहरुबारे यस अनुसन्धान पत्र तयार पार्न सहयोग गर्न‘हुने सम्पूर्ण व्यक्ति एवं संस्थाप्रति कृतज्ञ छौँ। अनुसन्धान पत्रको तयारीका क्रममा निरन्तर सल्लाह, सुझाव तथा उत्प्रेरणा दिइराख्नुहुने समृद्धी फाउण्डेशनका आकाश श्रेष्ठ र यतिन्द्र केसिप्रति विशेष आभार व्यक्त गर्दछौँ। त्यस्तै यो अनुसन्धानपत्रको डिजाइन र भाषामा सहयोग गर्नुहुने रोशन वस्नेत र सुरेश आचार्य पनि धन्यवादको पात्र हुनुहुन्छ।

यसै गरी यस अनुसन्धान पत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सूचनाहरू उपलब्ध गराइदिने वीरेन्द्रनगर नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु तथा कर्मचारीहरु, श्रोतहरू जुटाउन सहयोग गरिदिनुहुने र प्रश्नावलीको उत्तर दिनुहुने फुटपाथ व्यवसायीहरुलाई पनि धन्यवाद दिन चाहन्छौँ।

अन्त्यमा, यस अनुसन्धानपत्र तयार गर्ने क्रममा आवश्यक जानकारीहरू सहितका आलेख तयार गर्नुभएको सम्पूर्ण लेखक एवं सोधकर्ताहरू धन्यवादको पात्र हुनुहुन्छ।

**ऋति फाउण्डेशन**

This page intentionally left blank.

# संक्षिप्त शव्दावली सूची

| | |
|---|---|
| वि सं | विक्रम संवत |
| किमि | किलोमिटर |
| रु. | रुपैयाँ |
| नं. | नम्बर |
| AMA | Accra Metropolitan Assembly |
| BMA | Bangkok Metropolitan Administration_ |
| CPF | Central Provident Fund |
| NEA | National Environment Agency |
| TVC | Town Vending Committee |
| WIEGO | Women in Informal Employment Globalizing and Organizing |

# सारांश

कर्णाली प्रदेशको स्थायी राजधानीको रुपमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका रहेको छ । राजधानी घोषणा भएसँगै वीरेन्द्रनगरमा सहरीकरण बढेको छ । सहरमा मानिसहरुको चहलपहलमा पनि धेरै नै वृद्धि भएको छ भने सवारी साधनको प्रयोग बढ्दो छ । पछिल्लो जगणनाअनुसार यहाँको जनसंख्या १ लाख ५४ हजार ८ सय ८६ जना रहेको छ ।वीरेन्द्रनगरका १६ वटा वडाहरुमध्ये सबैभन्दा बाक्लो बस्ती भएका र धेरै जनसंख्या भएका १२ वटा वडाहरु सुर्खेत उपत्यकाभित्र पर्दछन् । यस अर्थमा ठुलो संख्यामा मानिसहरु वीरेन्द्रनगरमा बसोबास गर्छन् । वीरेन्द्रनगर कर्णाली प्रदेशका अधिकांश जिल्लाहरुको प्रवेशद्वार पनि भएकोले यहाँ मानिसहरुको भिड ठुलो हुन्छ । तिव्र रुपमा बढेको जनसंख्याले गर्दा सवारी आवागमानमा वाधा सिर्जना गरेको छ । यसको साथै अव्यवस्थित फुटपाथले गर्दा यो समस्यालाई झनै जटिल वनाएको छ । फुटपाथ व्यवसाय एउटा अनौपचारिक अर्थतन्त्रको क्षेत्र हो जसले नागरिकहरुलाई रोजगारी र आर्थिक क्रियाकलापसँग जोड्छ । वीरेन्द्रनगर नगरपालिकाको २०७६ सालको तथ्यांक अनुसार नगरपालिकाभित्र फुटपाथ व्यवसायीहरुको संख्या ७ सय रहेको थियो । तीन वर्षको अवधिमा हाल वीरेन्द्रनगर नगरपालिकाको तथ्यांकअनुसार नगरपालिकाभर २२० जना फुटपाथ व्यवसायी रहेको तथ्यांक नगरपालिकासँग छ ।

छोटो अवधिमा सयौँको संख्यामा फुटपाथ व्यवसायबाट पलयायन हुनुमा विभिन्न कारणहरु छन् । मानिसहरुलाई आर्थिक क्रियाकलापमा संग्लग्न गराइ योगदान दिने फुटपाथ व्यवसाय यति ठुलो संख्यामा छोटो अवधिमा पलायन भइरहेका छन् । फुटपाथ व्यवसायबाट यसरी पलायन हुने दरको एउटा कारणको रुपमा नगरपालिकाले फुटपाथ व्यवसायीहरुलाई गर्ने व्यवाहार पनि रहेको छ । फुटपाथलाई व्यवस्थित गरी उनीहरुबाट राजस्व संकलन गर्ने नीति ल्याउन सके नगरपालिकालाई दोहोरो फाईदा हुने देखिन्छ । पहिलो फाइदा नगरकै वासिन्दाहरु आर्थीक क्रियाकलापमा संलग्न हुन्छन् जसले गर्दा उनीहरुको प्रतिव्यक्ति आय वृद्धि हुन्छ, जीवनयापन सहज हुन्छ, नगरपालिकाको वेरोजगारी दरमा कमि हुन्छ । अर्को तर्फ फुटपाथ व्यवसायीलाई व्यवस्थित गरि राजश्व प्रणालीमा ल्याउन सके नगरपालिकाको आन्तरिक आम्दानीमा पनि वृद्धि हुन्छ ।

वीरेन्द्रनगर नगरपालिकाको सडक फुटपाथ एवम् सार्वजनिक क्षेत्रमा अतिक्रमण गरी व्यापार व्यवसाय गर्नेहरुले नगरको स्वस्थता एवम् सौन्दर्यता माथि नै चुनौतीको सिर्जना गरेको भन्दै सोको नियन्त्रण एवम् नियमनको लागि २०७४ सालमा वीरेन्द्रनगरमा फुटपाथ हटाउन सुरु गरिएको थियो । २०७६ कार्तिक महिनामा बजारको सौन्दर्य बिगारेको भन्दै वीरेन्द्रनगर नगरपालिकाले मंगलगढीचौक, बसपार्क लगायतका क्षेत्रमा गरिएका फुटपाथ हटायो । विकल्प विनै आफूहरूले वर्षौंदेखि सञ्चालन गर्दै आएको स्थानमा डोजर चलाएपछि व्यवसायी आक्रोशित बने । फुटपाथ बिक्रेताहरुले नगरपालिकाले तत्काल व्यापारिक स्थानको व्यवस्था गर्नुपर्ने बताएका थिए । फूटपाथ व्यवसायीले व्यवसाय सञ्चालन गरेवापत व्यवसायीले नगरपालिकालाई मासिक रु. ३०० र सरसफाइ शुल्क रु. १०० तिर्दै आएका थिए । आफुहरुलाई आयआर्जनको मुख्य स्रोत नै फुटपाथ व्यवसाय नै भएको भन्दै नगरपालिकाको निर्देशनलाई अवज्ञागर्दै सोही ठाउँहरुमा फुटपाथ व्यवसाय गर्न थाले ।

वीरेन्द्रनगरमा फुटपाथ व्यवस्थापनका लागि नीतिनिर्माणका लागि पहल गर्ने तथा सहज फुटपाथ व्यवसायको वातावरण सिर्जना गर्न पहल गर्नका लागि यो अध्ययन गरिएको छ । अध्ययन गुणात्मक र परिमाणात्मक दुवै अध्ययन विधि अपनाएर सम्पन्न गरिएको छ । वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय गरिरहेकाहरुमध्ये अध्ययनमा समावेश भएकामध्ये महिलाको संख्या अत्याधिक मात्रामा भएको पाइएको छ ।

महिला ६१ प्रतिशत र पुरुष ३९ प्रतिशतले फुटपाथ व्यवसाय गरिरहेको पाइएको हो। फुटपाथ व्यवसायबाट धैरै संख्यामा महिलाहरु स्वरोजगार भएका छन्। फुटपाथ व्यवसायबाट महिलाहरुले आम्दानी गर्नुले पारिवारिक रुपमा पनि महिलाहरुको आर्थिक क्रियाकलापमा संग्लग्न हुने प्रवृति बढाउँछ। यो तथ्यांकले महिलाहरुको उद्यमशिलता र स्वरोजगार हुने कुरा वीरेन्द्रनगरको फुटपाथले देखाएको छ।

फुटपाथ व्यवसायीहरुले अधिकांशले आफुहरुले व्यवसाय गर्ने ठाउँ व्यवसाथापनको माग नगरपालिकासँग गरेका छन्। ७९%ले उचित स्थान व्यवस्थापनको माग गरे भने १६% ले फुटपाथ व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिकाले कानुन निर्माण गर्नुपर्ने माग गरे। ५% उत्तरदाताहरुले कानुन निर्माण र स्थान व्यवस्थापन दुबै गर्न माग गरे। यसर्थ नगरपालिकाले फुटपाथ व्यवसायीहरुलाई व्यवस्थित ठाउँको व्यवस्थापन गरी नसर्धक्क व्यवसाय गर्न पाउनेगरी कानून निर्माण गर्न जरुरी देखिन्छ।

# अध्याय: १
# परिचय

## १.१ पृष्ठभूमी

फुटपाथ व्यवसायीहरुले विशेषगरी शहरी इलाकाहरुको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्छन्, ती इलाकाहरुमा औसत आम्दानी गर्ने परिवारहरूलाई आवश्यक वस्तुहरू प्रदान गर्छन् ।[१] एकातर्फ उनीहरुले आफुले व्यवसायबाट आम्दानी गर्छन् भने सुपथ मुल्यमा सामानहरु विक्रि गरी शहरका अन्य मानिसहरुको हितमा पनि काम गर्छन् । फुटपाथ व्यवसायीहरू विश्वभरका सहरी अर्थतन्त्रहरूको अभिन्न अंग हुन्, जसले सार्वजनिक स्थानहरूमा कम खर्चिला वस्तुहरू र सेवाहरूको विस्तृत दायरामा सहज पहुँच प्रदान गर्दछन् । जसले ताजा तरकारीदेखि लिएर तयार खाना, निर्माण सामग्रीदेखि कपडा र शिल्पसम्म, इलेक्ट्रोनिक्स सामग्रीदेखि अटो रिपेयरसम्म सबै थोक बेच्छन् ।

धेरैजसो फुटपाथ व्यवसायीहरूले आफ्नो घरपरिवारको लागि आम्दानीको मुख्य स्रोत, आफ्नो परिवारलाई रोजिरोटीको माध्यम र आफ्ना छोराछोरीको विद्यालयको शुल्क तिर्ने काम गर्छन् ।[२] फुटपाथबाट आम्दानी गरि उनीहरुले न्युनतम व्यक्तिगत र पारिवारिक आवश्यकताहरु परिपुर्ति गर्छन् । जसबाट उक्त क्षेत्रको आर्थिकस्तर बढाउनमा मद्दत पुग्छ । औपचारिक अर्थतन्त्रमा रोजगारी पाउन नसकेका कारण धेरै मानिसहरू फुटपाथ व्यवसायमा प्रवेश गर्छन् ।[३] यस मानेमा फुटपाथ व्यवसाय सहरी रोजगारीको महत्वपुर्ण माध्यमको रुपमा रहेको भन्न सकिन्छ । यो सँगै बजारमा केही सामानहरु त्यस्ता हुन्छन् जुन सामानहरु ग्राहकहरुलाई फुटपाथमै किन्न सहज हुन्छ । उनीहरु साना साना खुद्रे सामानाहरु आफ्नो यात्राका क्रममा सडक छेउबाटै किन्न चाहन्छन् । ती सामानहरु किन्नको लागि सपिङ्ग मल वा अन्य ठूला पसलहरुमा जान उनीहरुलाई फुर्सद पनि हुँदैन् । २० रुपैयाँको मास्क किन्नको लागि कोही ग्राहकले सपिङ्ग महल वा ठूला पसलमा गएर आफ्नो महत्वपूर्ण समय गुमाउन चाहँदैन् । सडकको छेउमा खाजा बेच्नको लागि सञ्चालन गरिरहेका ठेलाहरुबाट नै ग्राहकहरु सन्तुष्ट छन् र उनीहरु पटक-पटक त्यहीँ गइरहेका छन् भने फुटपाथलाई हटाउने तर्क गर्दै-गर्दा ग्राहकहरुको स्वतन्त्र उपभोगको अधिकारलाई वञ्चित गर्न खोजिएको त छैन भन्ने प्रश्न उब्जिन सक्छ ।[४]

व्यवसायीहरुले फुटपाथ र अन्य खुला सार्वजनिक ठाउँहरूमा सामान बेचेर आफ्नो जीविकोपार्जन गर्छन् । यो शहरमा रहेका निम्नवर्गिय व्यक्तिहरुको लागि आयको मुख्य स्रोतका साथै सहरका बासिन्दाहरूका लागि अपेक्षाकृत सस्तो वस्तुहरूको स्रोतको रूपमा रहेको छ । फुटपाथ व्यवसाय व्यवस्थापन नेपालका धेरै ठूला सहरहरूमा प्रमुख सहरी समस्याको रूपमा लिने गरिएको छ । ग्रामीण क्षेत्रबाट शहरी केन्द्रहरूमा बसाइँसराइको बढ्दो दरले नेपालमा सहरहरू बढ्दै गएका छन् र यी अधिकांश आप्रवासीहरूले प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो जीविका चलाउनको लागि उचित रोजगारी पाउन सक्दैनन् ।[५] विकासका पुर्वाधार, रोजगारी लगायतका आधारभुत आवश्यकताको खोजीमा सहर झरेकाहरुका लागि सानो पुँजीमा आयआर्जनको सहज माध्यम फुटपाथ व्यवसाय हुनसक्छ ।

औपचारिक क्षेत्रमा राम्रो तलबको काम पाउनको लागि सीप, ज्ञान र शिक्षा नभएका कारण ग्रामीण क्षेत्रबाट सहरझरेकाहरु प्रायजसो फुटपाथ व्यवसायमा संलग्न हुने गर्छन् । नेपालको बढ्दो जनसङ्ख्या र औपचारिक क्षेत्रमा घट्दो रोजगारीका अवसरहरूले पनि मानिसहरूलाई अनौपचारिक क्षेत्रमा रोजगारी प्राप्त गर्न प्रेरित गरेको छ । फुटपाथ व्यवसायलाई अनौपचारिक क्षेत्र अन्तर्गत वर्गीकरण गरिएको छ । यो एक विश्वव्यापी विषय हो जहाँ लाखौं मानिसहरूले सडक, फुटपाथ र अन्य सार्वजनिक स्थानहरूमा सामानहरू बेचेर पूर्ण वा आंशिक रूपमा आफ्नो जीवनयापन गर्छन् । फुटपाथ व्यवसायीहरू स्व-रोजगार भएका व्यक्तिहरू हुन् । पर्याप्त पूँजी, सीप र ज्ञानको अभाव भएका व्यक्तिहरूको लागि फुटपाथ व्यवसाय जिविकोपार्जनको लागि सहज माध्यम हो ।[६] फुटपाथ व्यवस्थापनको विषय नेपालका सबैजसो मुख्य सहरहरुमा महत्वपुर्ण छ ।

नेपालका मुख्य शहरहरुमा विशषगरी फुटपाथ व्यवसायीहरुको संख्या धेरै भएपनि उचित व्यवस्थापनको अभ्यास भने अहिलेसम्म हुन सकेको छैन ।[७] काठमाडौँ उपत्यकाका नगर क्षेत्रका सडकमा व्यापार गरेर जीविकोपार्जन गर्ने धेरै छन् । रोजगारीका लागि काठमाडौँ उपत्यका आएका धेरै मानिसले अरु काम नपाएपछि सडकको व्यापारलाई आर्थिक उपार्जनको माध्यम बनाएका छन् । काठमाण्डौं उपत्यकाभर फुटपाथ व्यवसाय गर्नेहरुको संख्या दैनिक बढिरहेको छ ।[८] देशका अन्य सहरहरुमा पनि यो क्रम बढिरहेको छ ।

नेपाल जस्ता धेरै विकासोन्मुख र अल्पविकसित देशहरूमा रोजगारदाताहरूको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा संलग्न छन् । अफ्रिकी, एसियाली र ल्याटिन अमेरिकी सहरहरूको आधिकारिक तथ्याङ्क अनुसार फुटपाथ व्यवसायीहरूले कुल सहरी अनौपचारिक रोजगारीको २ देखि २४ प्रतिशतसम्म ओगटेका छन् । अध्ययनहरुले देखाएअनुसार फुटपाथ व्यवसायीहरुले प्रहरीबाट सबैभन्दा धेरै यातना खेप्छन् । अध्ययनअनुसार ८६.६ प्रतितश फुटपाथ व्यवसायीहरू आफ्नो आम्दानीको स्रोतको रूपमा फुटपाथ व्यापारमा पूर्ण रूपमा निर्भर छन् ।फुटपाथका प्रमुख कारणहरू वैकल्पिक रोजगारीका अवसरहरूको अभाव, घरायसी खाद्य सुरक्षा सुनिश्चित गर्न र अन्य गतिविधिहरूबाट आयलाई पूरक बनाउनु हो । एक अध्ययनले फुटपाथ व्यवसायीको जीवनस्तरमा सुधार ल्याउन फुटपाथ व्यवसायले योगदान पुर्याएको निष्कर्ष निकालेको छ ।[९]

फुटपाथ व्यवसायलाई सहजरुपमा व्यवस्थापन गर्न सकेमा यो व्यवसाय समस्या नभई रोजगारीको अवसर र आर्थिक स्रोतको रुपमा हुन सक्छ । यसले गरिब जनतालाई काम, रोजगारी र जीविकोपार्जन प्रदान गर्दै आएको हुनाले यो बढ्दो बेरोजगारी दरलाई समाधान गर्ने स्रोत बन्न सक्छ । वसाइसराइ गरेर आएको निम्नवर्गियहरूले कुनै न कुनै रूपमा आफ्नो पूँजीगत सम्पत्तिको विकास गरेका छन् तर फुटपाथ व्यवस्थापनको विषयमा सोच्दै गर्दा सहरको वातावरणीय सौन्दर्यलाई कसरी जोगाउने र व्यापारीहरूलाई दिगो रूपमा व्यापारको लागि ठाउँ उपलब्ध गराउने व्यवस्थापन र योजनाबारे सोच्नुपर्छ ।

ग्रामीण क्षेत्रहरूमा गरिबीसँगै लाभदायक रोजगारीको अभावले मानिसहरूलाई आफ्नो गाउँ छोडेर सहरमा राम्रो अस्तित्वको खोजीमा धकेलिएको छ । शहर आएकाहरुसँग औपचारिक क्षेत्रमा राम्रो तलब, सुरक्षित रोजगारी खोज्न सक्षम पार्ने सीप वा शिक्षा छैन र उनीहरूले अनौपचारिक क्षेत्रमा कामको लागि बसोबास गर्नुपर्छ । फुटपाथ व्यवसायीलाई व्यापक रूपमा परिभाषित गरिएको छः एक व्यक्ति जसले बिक्रीको लागि स्थायी रूपमा निर्मित संरचना बिना नै सामानहरू बिक्रीको लागि प्रस्ताव गर्दछ । स्थीर फुटपाथ व्यवसायीहरू जो फुटपाथ वा अन्य सार्वजनिक/निजी ठाउँहरूमा कुनै ठाउँ ओगटेका हुन् भने चलायमान फुटपाथ व्यवसायीहरु टोकरीहरूमा वा हातमा वा झोलामा वा टाउकोमा आफ्ना सामानहरू बोकेर सामग्री विक्रिको लागि एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । उनीहरूले काम व्यवसाय गरिरहेको भुगोलमा महत्त्वपूर्ण सामाजिक-आर्थिक योगदान दिएको भएपनि फुटपाथ व्यवसायीहरू संसारभरका सबैभन्दा कमजोर र असुरक्षित अनौपचारिक कामदारहरूमा पर्दछन् ।[१०]

विश्व बैंकको पछिल्लो प्रतिवेदनअवुसार नेपाल व्यवसाय गर्ने वातावरणमा ९४ औँ स्थानमा पर्छ । यसर्थ यहाँ व्यवसायको सुरुवात् गर्नेदेखि सञ्चालन गर्नेबेलासम्म विभिन्न कानुनी तथा व्यवहारिक जटिलताहरु छन् । उक्त प्रतिवेदनअनुसार व्यवसाय सुरुवात गर्न सहजताको हिसावले भने नेपाल एक सय ३५औं स्थानमा छ । विश्व बैंकको उक्त प्रतिवेदनअनुसार नेपालमा व्यवसाय सुरुवात गर्न औषतमा २२.५ दिन खर्चिनुपर्छ । नेपालमा व्यवसाय स्थापना गर्न लाग्ने आठ चरणहरू पार गर्नुपर्छ । फुटपाथ व्यवसायमा प्रवेश गर्नका लागि त्यति ठुलो लगानी पनि आवश्यक पर्दैन र त्यसका लागि प्रवेशको लागि अवरोध पनि नहुनाले नागरिकहरु यसतर्फ आकर्षित हुन्छन् ।[११] गाउँगाउँमा स्थानीय सरकार निर्माण भएसँगै गाउँमा पनि बजार र सहरीकरण बढ्ने क्रम आएको छ । स्थानीयस्तरमा व्यापारका लागि बजारको विकास हुन थालेको छ । यस अर्थमा पनि फुटपाथ व्यवस्थापनका लागि नेपालका सहरदेखि गाउँसम्मका स्थानीय तहहरुले नीतिनिर्माण गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

## १.२ समस्या विश्लेषण

वीरेन्द्रनगर कर्णाली प्रदेशका अधिकांश जिल्लाहरुको प्रवेशद्वार भएकोले यहाँ मानिसहरुको भिड ठुलो हुन्छ । कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुबाट अध्ययन, रोजगारी र व्यापार व्यवसायका शिलसिलामा वीरेन्द्रनगरमा पछिल्लो समय बसाईँसराई गरी आउने क्रम पनि बढेको छ । उच्च शिक्षा अध्ययनका लागि वीरेन्द्रनगरमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा स्नातकदेखि विद्यावारिधिसम्म र त्रिभुवन विश्वविद्यालयका विभिन्न आंगिक तथा सम्बन्धनप्राप्त सामुदायिक तथा निजि क्याम्पसहरु छन् । बढ्दो चहलपहलले गर्दा सवारी आवागमानमा वाधा सिर्जना गरेको छ । अव्यवस्थित फुटपाथले गर्दा सवारी आवागमनमा समस्या सिर्जना भएको तर्क गरिने गरिएको छ ।

कर्णाली प्रदेशमा करिव ४२ प्रतिशत मानिसहरु मात्रै आर्थिक क्रियाकलापमा संलग्न छन्, यसको अर्थ ५८ प्रतिशत मानिसहरु आर्थीक क्रियाकलापमा जोडिएका छैनन् ।[१२] कर्णाली प्रदेशको सवैभन्दा धेरै जनसंख्या भएको र राजधानी समेत रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा ठुलो जनसंख्या आर्थीक क्रियाकलापमा संलग्न छैनन् । फुटपाथ व्यवसाय एउटा अनौपचारिक अर्थतन्त्रको क्षेत्र हो जसले नागरिकहरुलाई रोजगारी र आर्थिक क्रियाकलापसँग जोड्छ । वीरेन्द्रनगर नगरपालिकाको २०७६ सालको तथ्यांक अनुसार नगरपालिकाभित्र फुटपाथ व्यवसायीहरुको संख्या ७ सय रहेको थियो । ।[१३] तीन वर्षको अवधिमा हाल वीरेन्द्रनगर नगरपालिकाको तथ्यांकअनुसार नगरपालिकाभर २२० जना फुटपाथ व्यवसायी रहेका छन् ।[१४] तीन वर्षको अवधिमा नगरपालिकाको तथ्यांकमै करिब पाँच सय फुटपाथ व्यवसायी घटेका छन् । छोटो अवधिमा सयौँको संख्यामा फुटपाथ व्यवसायबाट पलयायन हुनुमा विभिन्न कारणहरु हुनसक्छन् । मानिसहरुलाई आर्थिक क्रियाकलापमा संलग्न गराइ योगदान दिने क्षेत्र फुटपाथ व्यवसायीहरु यति ठुलो संख्यामा छोटो अवधिमा पलायन हुनुले यसको कारण अध्ययनको आवश्यकता महसुस गरायो । फुटपाथ व्यवसायबाट यसरी पलायन हुने दरको एउटा कारणको रुपमा नगरपालिकाले फुटपाथ व्यवसायीहरुलाई गर्ने व्यवहार पनि हो । फुटपाथ व्यवसायहरु पलायन हुनुको कारण खोजीको आवश्यकता देखिएकाले यो अध्ययन फुटपाथ व्यवसायीले भोगिरहेका समस्या र वाधाहरुमा केन्द्रित रहेको छ ।

## १.३ समस्याको सिर्जना

सडक फुटपाथ एवम् सार्वजनिक क्षेत्रमा अतिक्रमण गरी व्यापार व्यवसाय गर्नेहरुले नगरको स्वच्छता एवम् सौन्दर्यता माथि नै चुनौतीको सिर्जना गरेको भन्दै सो को नियन्त्रण एवम् नियमनको लागि बजार तथा सहर व्यवस्थापन अभियान २०७४ सञ्चालन गर्नका लागि मिति २०७४ पौष २७ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको वैठकको अनुसार स्वीकृत 'बजार एंव शहर व्यवस्थापन अभियान २०७४' संचालन अवधारणा पत्र तयार गरियो । जसका उद्देश्यहरु सार्वजनिक क्षेत्र एंव सडक फुटपाथ अतिक्रमण कार्यलाई नियन्त्रण गर्ने र फोहरका कारण जाम भएका नालाहरुको सफाई गर्दै जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्ने थिए । जसको कार्यान्वयन अन्तर्गत ७ दिन भित्र फुटपाथबाट सामान हटाइसक्नुपर्ने र फुटपाथ खाली गरि सक्नु पर्ने थियो । पटक पटक फुटपाथ हटाउने प्रयास गर्दा पनि फुटपाथ व्यवसाय हटेनन् । फुटपाथ व्यवसायीहरुले आफुहरुलाई व्यवसायको लागि कुनै विकल्प नदिएरै हट्न भनेकोले आफुहरु हट्न नसकेको वताएका थिए ।

२०७६ कार्तिक महिनामा बजारको सौन्दर्य बिगारेको भन्दै वीरेन्द्रनगर नगरपालिकाले मंगलगढीचौक, बसपार्क लगायतका क्षेत्रमा गरिएका फुटपाथ हटायो । विकल्प विनै आफूहरूले वर्षौंदेखि सञ्चालन गर्दै आएको स्थानमा डोजर चलाएपछि व्यवसायी आक्रोशित बने । फुटपाथ व्यवसायीहरुले नगरपालिकाले तत्काल व्यापारिक स्थानको

व्यवस्था गर्नुपर्ने बताएका थिए। फूटपाथ व्यवसायीले व्यवसाय सञ्चालन गरेवापत नगरपालिकालाई मासिक रु. ३०० र सरसफाइ शुल्क रु. १०० तिर्दै आएका थिए।[१५] वीरेन्द्रनगर नगरपालिकाले फुटपाथमा सञ्चालित पसललाई हटाए पनि समस्या समाधान भएन्। नगरपालिकाले कुनैपनि विकल्प नदिएरै हटाएको भन्दै फुटपाथ व्यवसायीहरु निरास बने। आफुहरुको आयआर्जनको मुख्य स्रोत नै फुटपाथ व्यवसाय नै भएको हुनाले नगरपालिकाको निर्देशनलाई अवज्ञा गर्दै सोही ठाउँहरुमा फुटपाथ व्यवसाय गर्न थाले। स्थानीय घण्टाघर चोकमा कस्मेटिक पसल सञ्चालन गर्दै आएकी एकजना फुटपाथ व्यवसायीले नगरपालिकाले व्यापारिक स्थानको व्यवस्था गर्नुपर्ने बताइन्। आफुहरुले फुटपाथ व्यापारबाट जीविका चलाएकाले व्यापार बन्द गर्न नसकिने बरु उचित ठाउँको ब्यवस्थापन गरिदिनु पर्ने उनको माग रहेको थियो। यसरी सडक छेउमा बस्ने आफुहरुको रहर नभएर बाध्यता भएको उनको भनाई थियो। 'हाम्रो बाध्यतालाई बुझेर नगरपालिकाले ब्यवस्थापन गरिदिनु पर्छ' उनले पत्रकारसँग भनेकि थिइन।[१६] फुटपाथ खाली गराउन नगरपालिकाले नेपाल प्रहरी र ट्राफिक प्रहरीसँग समन्वय गरेको जनाएको थियो।[१७]

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक वर्ष २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रममा प्रगतीको रुपमा 'चालु आर्थिक वर्षको हालसम्मका बजार एवम् सहर व्यवस्थापन अभियानलाई निरन्तरता दिँदै विभिन्न स्थानका अवरोध एवम् सडक अतिक्रमण हटाइएको, वडा नं. ६ लगायत बजार क्षेत्रको फुटपाथ खाली गर्ने कार्य गरिएको' उल्लेख गरिएको छ। नीति तथा कार्यक्रममै लेखिएको छ, 'नगरपालिकालाई नियम अनुसार तिर्नुपर्ने कर दस्तुर तिरेको व्यवसायीहरुबाट मात्र वस्तु तथा सेवालाई खरिद गर्न नगरपालिका अन्तर्गतका कार्यालय लगायत अन्य सार्वजनिक निकायलाई समेत अनुरोध गर्ने नीति लिइने छ।'[१८] यसपछिका आर्थिक वर्षहरुका बजेट नीति तथा कार्यक्रमहरुमा नगरपालिकाले फुटपाथ व्यवस्थापनको विषयलाई समेटेको छैन। नगरपालिकाले हालसम्म गरेका प्रयासहरुलाई हेर्दा फुटपाथ व्यवस्थापन नभई नियन्त्रण गरी फुटपाथ व्यवसायीहरुलाई व्यवसायबाट बञ्चित गराउन खोजेको पाइन्छ।साथै फुटपाथ व्यवसायीलाई राजश्वको दायरामा आउन उपयुक्त अवसर सिर्जना नगर्ने तर उनीहरुको वस्तु तथा सेवा विक्रि गर्ने अधिकारलाई संकुचित पार्न खोजिएको देखिन्छ।

### १.४ अध्ययनको उद्देश्य

- वीरेन्द्रनगरमा फुटपाथ व्यवस्थापन गरी नागरिकलाई आर्थिक अवसरसँग जोड्न सक्ने नीतिनिर्माण तथा नीतिगत सुधारका लागि सुझावहरु प्रदान गर्ने।

### १.५ अध्ययन विधि

यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवै अध्ययन विधि अपनाएर सम्पन्न गरिएको छ।वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय गरिरहेकाहरु मध्येबाट नमुना सङ्कलन गरी प्रश्नावली तयार गरी उनीहरूको फुटपाथ व्यवसायका अवसर, नीतिगत तथा व्यवहारिक बाधाहरु लगायतका आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ।त्यसैगरी वीरेन्द्रनगर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुसँग पनि नीतिगत तथा अन्य व्यवाहारिक पक्षमा कुराकानी गरी आवश्यक तथ्यांक संकलन गरिएको छ।

## १.६ तथ्यांक संकलन

### प्राथमिक स्रोत

वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय गरिरहेकाहरु मध्येबाट नमुना सङ्कलन गरी प्रश्नावली तयार गरी उनीहरूको फुटपाथ व्यवसायका अवसर, नीतिगत तथा व्यवहारिक बाधाहरु लगायतका आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी वीरेन्द्रनगर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुसँग पनि नीतिगत तथा अन्य व्यवाहारिक पक्षमा कुराकानी गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । फुटपाथ व्यवसायी र वीरेन्द्रनगर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई संगै राखेर समुह केन्द्रित छलफल गरि आवश्यक नीतिगत व्यवस्थापनका लागि छलफल समेत गरिएको छ ।

### सहायक स्रोत

यस अध्ययनका लागि नेपाल सरकार, प्रदेश सरकारका मन्त्रालय, वीरेन्द्रनगर नगरपालिका र अन्य बजार तथा फुटपाथ व्यवसायसँग सम्बन्धित क्षेत्रमा काम गरिरहेका निकायहरूका प्रतिवेदन, पुस्तक, कार्यविधि, निर्देशिका अध्ययन गरी त्यहाँबाट सुचना एवं जानकारी संकलन गरिएको छ ।

## १.७ अध्ययनको जनसंख्या र नमुना छनौट

वीरेन्द्रनगरका मुख्य बजार क्षेत्र र आसपासका क्षेत्रमा रहेका फुटपाथ व्यवसायीहरु मध्येबाट नगरपालिकाले उपलब्ध गराएको तथ्यांकको ३० प्रतिशत फुटपाथ व्यवसायी समावेश गरी छनौट गरिएको छ । नगरपालिकाको तथ्यांकमा २२० जना फुटपाथ व्यवसाय गरिरहेकाहरु रहेकाले उक्त संख्याको ३० प्रतिशत अर्थात ६६ जना अध्ययनको लागि छनोट गरिएको छ ।

## १.८ तथ्यांक प्रशोधन तथा बिश्लेषण

प्राथमिक र सहायक स्रोतबाट सङ्कलित सूचना तथा जानकारीहरूलाई प्रशोधन गरी आवश्यक तालिका, चित्र, रेखा चित्रहरूमार्फत अध्ययनको विश्लेषण गरिएको छ भने सहायक स्रोतबाट सङ्कलित तथ्यांकहरूलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## १.९ अध्ययनका सीमाहरू

वीरेन्द्रनगरमा फुटपाथको अवस्था, यसका नीतिगत बाधाहरु र समाधानका उपायहरुबारे अध्ययनसँग सम्बन्धी अध्ययनका सीमाहरू यस प्रकार छन् ।

- अध्ययन वीरेन्द्रनगरमा फुटपाथको अवस्था, यसका नीतिगत बाधाहरु र समाधानका उपायहरुसँग सीमित छ ।
- अध्ययनमा नगरपालिकाले आधिकारीक रुपमा उपलब्ध गराएको कुल फुटपाथ व्यवसायीको ३० प्रतिशत फुटपाथ व्यवसायीहरुका विषयलाई समावेश गरिएको छ ।
- अध्ययन ४ महिनाको अवधिमा तयार पारिएको छ ।
- अध्ययनका सुझावहरु नेपालको विद्यमान कानुनले स्थानीय तहलाई दिएको अधिकारसँग केन्द्रित छन् ।
- भविष्यमा स्थानीय तहको अधिकारमा हेरफेर भएमा सुझावहरुमा हेरफेर आवश्यक हुन सक्छ ।

# अध्यायः २

## वीरेन्द्रनगरको परिचय

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ भएको हो । सुर्खेत उपत्यकाभित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा लगायतका भागलाई मिलाएर बनेको वीरेन्द्रनगर नगरपालिमा हाल १६ वडा रहेका छन् । वीरेन्द्रनगर यसअघि मध्यपश्चिमान्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम समेत रहेको थियो । नगरपालिकाको क्षेत्रफल २४५.८५ वर्ग कि.मी.रहेको छ । मुख्य बजार क्षेत्र रहेको र बाख्लो जनघनत्व रहेको वीरेन्द्रनगर नगरपालिकाको उपत्यकाको मात्रै क्षेत्रफल ८८ वर्गकिलोमिटर रहेको छ ।[१९] पछिल्लो जनगणनाअनुसार कर्णाली प्रदेशको जम्मा जनसंख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ भने सुर्खेत जिल्लाको जनसंख्या ४ लाख १७ हजार ७ सय ७६ रहेको छ ।

वीरेन्द्रनगर नगरपालिकाको मात्रै १ लाख ५४ हजार ८ सय ८६ जना जनसंख्या रहेको छ ।[२०] यसरी हेर्दा कर्णाली प्रदेशका कुल नागरिकमध्ये ९.१४ प्रतिशत नागरिक वीरेन्द्रनगर नगरपालिकामा नै वसोवास गर्ने गरेका छन् ।

कर्णाली प्रदेशमा उपभोग हुने अधिकांश सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो पश्चिम नेपालकै प्रमुख व्यापारिक एवं शैक्षिक केन्द्रको रूपमा रहेको छ । वीरेन्द्रनगर नगरपालिकामा क्रमश बस्तीहरूको विकास बढ्दोरहेको छ । नगरपालिकाको केन्द्रतिर बाटो, बजार, मझौला तथा स-साना घरेलु उद्योगहरू रहेका छन् । नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपन्छीपालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ । यस नगरपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार समेत रहेको देखिन्छ । नगरपालिकाले २०७५ मा गरेको अध्ययनअनुसार प्रकाशित नगर पाश्वचित्रमा उल्लेख भएअनुसार यहाँका ४५.५० प्रतिशतले ऋण लिने गरेका छन् । जसमा ४०.३३ प्रतिशत परिवारले उधारो चलाउने गरेको र बाँकीले सञ्चित वा स्थिर सम्पती बिक्रि गर्ने गरेका छन् । नगरपालिकामा ऋण लिनेहरूको प्रवृतिलाई हेर्दा सबैभन्दा बढी भवन निर्माण/जमिनको लागि ऋण लिने परिवारको संख्या ४१.६० प्रतिशत रहेका छन् । त्यसैगरी दोस्रोमा परिवारको उपयोगको लागि १९.२९ प्रतिशत, तेस्रोमा व्यापार व्यवसाय गर्नको लागि १८.७८ प्रतिशत, चौथौंमा औषधी उपचारको लागि १२.४७ प्रतिशत रहेका छन् ।

नगरपालिकामा सञ्चालनमा रहेका व्यापार, व्यवसायिक फर्म तथा कम्पनी सञ्चालकको लिङ्गका आधारमा जनसंख्याको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको स्वामित्वमा रहेका फर्महरूको संख्या आधा भन्दा पनि कम रहेको छ । तथ्याङ्कअनुसार नगरपालिकाभर सञ्चालनमा रहेका फर्महरू मध्ये ६२.६ प्रतिशत फर्ममा पुरुषको स्वामित्व र ३७.४ प्रतिशत फर्ममा महिलाको स्वामित्व रहेको देखिन्छ ।[२१]

This page intentionally left blank.

# अध्याय: ३

## कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ जसमा स्थानीय बजार व्यवस्थापन पनि स्थानीय तहको अधिकारमा रहने लेखिएको छ। साथै स्थानीय करसमेत स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्दछ। नेपालको संविधानको मौलिक हक अन्तर्गत लेखिएको छ, 'प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ।'[२२] यस अर्थमा नेपालको कुनै पनि भू-भागमा नेपाली नागरिकलाई निर्वाध रुपमा पेशा व्यवसाय गर्न पाउने अधिकार छ। संविधानमै उल्लेख गरिएको स्थानीय सरकारको अधिकार सुचिमा बजार व्यवस्थापन पनि पर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा संघीय तथा प्रदेश कानुनको अधिनमा रही विभिन्न कर लागू गरी उठाउन पाइने व्यवस्था छ। साथै स्थानीय पूर्वाधारको सेवा र उपयोगमा सेवा शुल्क र दस्तुर सम्बन्धी नीति र कानुन बनाउन तथा नियमन गर्न पाइने अधिकार स्थानीय तहलाई रहेको छ। संघीय तथा प्रदेश कानुनको अधिनमा रही सहरी विकास तथा व्यवस्थापन, बजार व्यवस्थापन र सोसम्बन्धी कानुन तथा निर्देशिका निर्माण गर्न पाइने व्यवस्था पनि सोही ऐनमा उल्लेख छ।[२३]

संविधानले नै नागरिकहरुलाई रोजगारी तथा पेसा व्यवसाय गर्न पाउने अधिकार प्रदान गरेको छ। स्थानीय बजार व्यवस्थापन संविधानले स्थानीय सरकारको क्षेत्राधिकार भित्र राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा रहेर स्थानीय सरकारले फुटपाथ र अन्यबजार व्यवस्थापनका लागि नीतिनिर्माण गर्न पाउँछन्।

This page intentionally left blank.

## अध्याय: ४
## फुटपाथ व्यवस्थापनका लागि भएका राष्ट्रिय/अन्तराष्ट्रिय प्रयासहरू

### ४.१ भारत

छिमेकी देश भारतमा सन् २००९ मा सहरी फुटपाथ व्यवस्थापन सम्वन्धी पहिलो राष्ट्रिय नीति बन्यो । उक्त नीतिको लक्ष्य सहरी क्षेत्रमा अव्यवस्थित फुटपाथ व्यवसायीको कारणले हुने अव्यवस्थित भिड र फोहोर नियन्त्रण गर्ने साथै फुटपाथ विक्रेताको व्यवस्थापन गरी उनिहरुलाई व्यवसाय गर्न सहज वातावरण सिर्जना गर्ने थियो । सन् २०१४ मा भारतले सोही नीतिअनुरुप फुटपाथ व्यवसायको सुरक्षा र नियमनका लागि त्यधल Town Vending Committee (TVC) स्थापना गर्ने योजना लियो । उक्त समितिमा स्थानीय तहको प्रमुख, कार्यकारी अधिकृत, फुटपाथ व्यवसायी, स्थानीय कल्याण समितिका प्रतिनिधी, विभिन्न सामुदायिक समितिका प्रतिनिधि सहभागि हुने व्यवस्था गरिएको थियो । समितिका जम्मा सदस्यमध्ये कम्तिमा ४० प्रतिशत फुटपाथ व्यवसायीको संगठनका पदाधिकारी र कम्तिमा २० प्रतिशत स्थानीय कल्याण समितिका पदाधिकारीको सहभागिता अनिवार्य गरिएको थियो । Town Vending Committee (TVC) ले फुटपाथ व्यवसाय गर्ने क्षेत्र निरिक्षण गरी तोक्ने, व्यवसायीको फर्म दर्ता गर्ने, नागरिक तथा पैदलयात्रीको सहजता अनुगमन गर्ने र फुटपाथ व्यवसायीहरुबाट राजस्व संकलनको काम गर्ने व्यवस्था गरिएको थियो ।[२४]

सन् २०१४ मा भारतमा 'भारतीय फुटपाथ व्यवसायीहरू (जिविकाको संरक्षण र सडक बिक्रीको नियमन) ऐन, २०१४' पनि बनेको छ । प्रत्येक शहरमा टाउन भेन्डिङ समितिहरू (TVC) गठन गर्न अनिवार्य गरी कमिटिले स्थानीय फुटपाथ व्यवसायीका क्षेत्रहरू निर्धारण र शुल्क तथा आवश्यक कागजात वा लाइसेन्स निर्धारण गर्नुपर्ने दायित्व सिर्जना गरिदिएको छ । TVC ले फुटपाथ व्यवसायीहरुलाई लाइसेन्स वितरण गर्न सक्छ र प्रमाणपत्रमा उल्लेखित सर्तहरू उल्लङ्घन गरेको खण्डमा तिनीहरूलाई निलम्बन गर्ने अधिकार छ । यद्यपि, अधिकांश भारतीय सहरहरूमा यो ऐन लागू भइसकेको छैन र सबैतिर TVC स्थापना भएका छैनन् ।[२५]

### ४.२ थाइल्याड

थाइल्यान्डमा सबै फुटपाथ विक्रेताहरु BMA (Bangkok Metropolitan Administration)मा अनिवार्य दर्ता हुनुपर्छ । सबै फुटपाथ विक्रेताहरुले अनिवार्य लाइसेन्स लिनुपर्ने व्यवस्था रहेको छ । प्रतिलाइसेन्स लिदा एकजना मालिक र एक सहयोगी गरि २ जनाको नाममा मात्र लाइसेन्स लिन पाइने व्यवस्था छ । व्यवसायीले फुटपाथको कारण हुने फोहोर व्यवस्थापन र सार्वजनिक स्थल संरक्षणको लागि प्रतिमहिना स्थानीय मुद्रा ३०० प्रतिवर्गमिटरको दरले तिर्नुपर्छ । यो नीतिगत व्यवस्थाको कारणले फुटपाथ व्यवसायीहरुले सरकारलाई कर पनि तिरिरहेका छन् भने सहज रुपमा फुटपाथमा व्यवसाय गर्न सकिरहेका छन् ।[२६]

बैंककलाई कुनै समय समावेशी फुटपाथ व्यवसाय व्यवस्थापनका लागि नमुना सहरको रूपमा हेरिन्थ्यो जसले रोजगारी, व्यवसाय र पर्यटनका लागि विन विन (Win–Win) अवस्था सिर्जना गरेको थियो । बैंकक छिमेकी र अन्य थाई शहरहरूमा, फुटपाथ व्यवसायलाई सहरी योजनामा धेरै प्रभावकारी रूपमा एकीकृत गरिएको छ । स्थानीय फुटपाथ विक्रेताहरू र जिल्ला अधिकारीहरूले व्यवसायको समय, फोहोर व्यवस्थापन, सरसफाइ र शुल्क सङ्कलन सम्बन्धी नियमहरू कडाइका साथ लागू गर्न मिलेर काम गर्छन् । फुटपाथ व्यवसायले त्यहाँको लागि राजस्वको स्रोत प्रदान गर्दछ । जसमा व्यवसाय गर्नका लागि खाद्य बिक्रीको लागि प्रति महिना २००० (स्थानीय मुद्रा) र गैर-खाद्य गतिविधिहरूको लागि १००० (स्थानीय मुद्रा) तिर्नुपर्ने व्यवस्था गरिएको छ ।[२७]

### ४.३ सिंगापुर

सिंगापुरको सार्वजनिक वातावरणिय स्वास्थ्य नीति अनुसार फुटपाथ विक्रेताहरु दर्ता भई कानुनी रुपमा संचालित हुनुपर्दछ। विक्रेताहरुको लाइसेन्स राष्ट्रिय वातावरण एजेन्सि (NEA) मा बनाइन्छ। NEA फुटपाथ क्षेत्र व्यवस्थापन गर्न र फुटपाथ विक्रेताहरुलाई लाइसेन्स दिन तथा नियमन गर्न उत्तरदायी छ। फुटपाथमा व्यवसाय गर्न व्यवसायीले NEA मा सहरी पुनर्विकासबाट अनुमति लिएर स्थान पक्का गर्नुपर्छ। खाद्य सम्बन्धी स्टल वातावरणिय स्वास्थ्य अनुकुल हुनुपर्छ। नयाँ व्यवसाय दर्ता गर्न कम्तिमा १ जना पहिले दर्ता भएको व्यवसायी साक्षि बस्नुपर्छ। Central Provident Fund (CPF) मा व्यवसायीको कुनै दायित्व हुनुहुँदैन। CPF सिंगापुरका कामदार तथा स्थायीवासीले अनिवार्य वचत गर्नुपर्ने कोष हो।[२८]

### ४.४ इन्डोनेसिया

बङडुङ सहर इन्डोनेसियाको पश्चिम जाभा प्रदेशको राजधानी हो। बङडुङ सहरको क्षेत्रफल १६७.२९६५ वर्ग किलोमिटर रहेको छ। बङडुङ सहरको अर्थतन्त्र पर्यटन व्यवसाय, उद्योग, उत्पादनमुलक उद्योग, शैक्षिक संस्था, फार्मेसी र खाद्य उत्पादनमा निर्भर रहेको छ। पछिल्लो तथ्यांकअनुसार उक्त सहरको जनसंख्या करिव १७ लाख रहेको छ। सहरको जनघनत्व करिव दश हजार प्रतिवर्ग किलोमिटर भन्दा बढि रहेको छ।

इन्डोनेसियाको बङडुङ सहरमा फुटपाथ विक्रेताहरुको व्यवस्थापनका लागि बनेको नीतिमा मेयरको मातहतमा रहने गरी सन् २०११ मा एउटा विशेष कार्यदल बन्यो। फुटपाथको उचित व्यववस्थापन नभएमा उक्त सहरको सुन्दरतामै असर गर्ने हुनाले फुटपाथ व्यवसायीलाई व्यवसायबाट नहटाई वैधानिक रुपमा व्यवस्थित तरिकाले व्यापार गर्ने वातावरण मिलाउने जिम्मा उक्त कार्यदलको थियो। उक्त कार्यदलको नाम स्थानीय भाषामा साटागस (Satagus) राखिएको थियो।

**बङडुङ सहरमा फुटपाथ व्यवस्थापनका लागि अपनाइएका नीतिहरू:**

**क) स्थान विशेष व्यवस्थापन**

बङडुङ सहर फुटपाथ व्यवस्थापनको लागि वनेको उक्त कार्यदलले सबैभन्दा पहिले रेड जोन (च्भम श्यलभ), एल्लो जोन (Yellow Zone) र ग्रिन जोन (Green Zone) गरि तीन क्षेत्रमा फुटपाथको वर्गिकरण गर्यो। Red Zone अन्तर्गत राखिएको त्यस्तो ट्राफिक सुरक्षाको दृष्टिकोणले संवेदनशील सडकपेटी जहाँ व्यवसाय गर्न पुरै निषेध गरिएको छ। Yellow Zone मा समय र स्थानका आधारमा राख्न र हटाउन मिल्ने खालका व्यवसाय गर्न दिने भनेर निर्धारण गरिएको छ।न्चभभल श्यलभ मा फुटपाथमा व्यवसाय गर्नका लागि अनुमति दिइएको छ।

**ख) फुटपाथ व्यवसायीको विशेषता र वर्गिकरण**

बङडुङ सहरमा फुटपाथ व्यवसायको विशेषताको आधारमा वर्गिकरण गरिएको थियो। हिँडाउन मिल्ने (अस्थायी व्यापार स्थान भएको, भाग छुटाएर सार्न मिल्ने), सजिलो वस्तु, विलासिताका बस्तु, खानेकुरा, व्यक्तिगत सेवा आदि विशेषताका आधारमा वर्गिकरण गरिएको थियो। फरक फरक प्रकारका फुटपाथ व्यवसायहरुलाई फरक फरक स्थानमा राखिएको छ। ग्राहकहरुले आफुले चाहेको वस्तु खरिद गर्नको लागि स्थान अनुसार जान सक्छन्।

**ग) विशेष कार्यदल**

स्थानीय तहको मेयरको मातहतमा रहने गरि गठन गरिएको उक्त कार्यदलले फुटपाथ व्यवस्थापन, नियन्त्रण, नियमन, प्रर्वद्धन र सुपरिवेक्षण गर्ने सम्पुर्ण जिम्मा पाएको छ।

### घ) फुटपाथ परिचयपत्र

Green Zone मा फुटपाथ व्यवसाय गर्ने सबैलाई अनिवार्य परिचयपत्रको व्यवस्था गरिएको छ। उक्त क्षेत्रमा फुटपाथ व्यवसाय गर्नको लागि पाँच वर्ष पहिलेदेखि बङडुङ सहरको वासिन्दा रहेको इन्डोनेसियाली नागरिक हुनुपर्ने नियम तोकिएको थियो ।

### ङ) ग्राहकलाई जरिवाना

Red Zone बाट जुनसुकै समयमा र थ्भ्fिियध श्यलभ बाट तोकिएको समय बाहेक फुटपाथ व्यवसायबाट सामान किनेमा उपभोक्तालाई समेत कारवाही गरिन्छ । कार्यदलले न्चभभल श्यलभ मा मात्रै जुनसुकै समयमा फुटपाथ व्यवसाय गर्न अनुमति दिएको र उक्त क्षेत्रमा फुटपाथ गर्ने सबैले अनिवार्य परिचयपत्र लिनैपर्ने नियम छ।[२९]

### ४.५ सिंगापुर

सिंगापुर सहरभरि हकर केन्द्रहरू मार्फत फुटपाथ व्यवस्थापन रणनीति लागु गरिएको छ। एक राष्ट्रिय कार्यक्रमले विक्रेताहरूलाई केन्द्रहरूमा दर्ता गर्न र स्थानान्तरण गर्न मद्दत गर्ने गरी सन् ज्ञढठज्ञ बाट ती केन्द्रको निर्माण गरिएको थियो । ती केन्द्रहरूले फुटपाथ व्यवसायीहरुका लागि पानी, बिजुली र फोहोर व्यवस्थापन जस्ता सेवाहरू सहित सस्तो मूल्यमा स्थिर, सुरक्षित स्थान (व्यापार गर्ने ठाउँ) प्रदान गर्छन् । कतिपय अवस्थामा निर्माण व्यवसायीले नयाँ भवनहरू बनाउँदा फुटपाथ व्यवसायीका लागि हकर सेन्टरहरूको लागि ठाउँ छुट्याउन आवश्यक व्यवस्थासमेत गरिएको छ ।यद्यपि, यो विधि आज बैंककमा प्रभावकारी हुन सकेको छैन, सिंगापुरमा भने प्रभावकारी भइरहेको छ ।[३०]

### ४.६ घाना

घानामा स्थानीय सरकार र त्यहाँको ग्रामीण विकास मन्त्रालयले सहरी नीति प्राथमिकताहरूको रूपरेखा बनाउनका लागि राष्ट्रिय सहरी नीति ढाँचा (२०१२) अपनायो । सहरी आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य अन्तर्गत मन्त्रालयले अनौपचारिक उद्यमहरूप्रतिको आधिकारिक दृष्टिकोणलाई परिवर्तन गर्ने प्रतिबद्धता जनाएको छ । यसले शहरी योजनाले अनौपचारिक क्षेत्रका आवश्यकताहरूलाई सम्बोधन गर्ने र उनीहरूलाई प्रतिस्पर्धी स्थानहरूमा पानी, शौचालय र भण्डारण जस्ता सुविधाहरू प्रदान गर्ने सेवायुक्त स्थानहरू उपलब्ध गराउने कुरा पनि सुनिश्चित गर्दछ। घानामा फुटपाथ व्यवसाय नियमन गर्ने व्यापक कानून भनेको स्थानीय सरकार ऐन १९९३ को दफा ४६२ हो, जसले स्थानीय सभाहरू (स्थानीय अधिकारीहरू)लाई ऐनको सर्तमा आफ्नो जनादेश पूरा गर्न उप-कानूनहरू पारित गर्न अधिकार दिन्छ। यसमा तिनीहरूको अधिकार क्षेत्र भित्र केही गतिविधिहरूलाई अनुमति दिने वा निषेध गर्ने उप-कानूनहरू समावेश छन् । अक्रा मेट्रोपोलिटन एसेम्बली (Accra Metropolitan Assembly–AMA), सार्वजनिक बजार उपनियम र AMA (Control of Hawkers) By–laws, 2017 ले फुटपाथ व्यवसायलाई नियमन गर्दछ । उप-कानूनहरूले अघोषित सार्वजनिक स्थानहरूमा फुटपाथ व्यवसायलाई निषेध गर्दछ र AMA लाई विशेष सडकहरूमा फुटपाथ व्यवसाय गर्न अनुमति दिइएको सूचना प्रकाशित गर्न अधिकार दिन्छ।[३१]

This page intentionally left blank.

# अध्यायः ५
# फुटपाथ तथा यसको आर्थिक र सामाजिक महत्व

फुटपाथ व्यवसायीहरु विश्वभरी ठुलो संख्यामा छन् । बाख्राको दूध देखि सिमकार्ड देखि अटोमर्मत सेवासम्म सबैथोक बेच्ने विश्वभरि एक अर्बभन्दा बढी फुटपाथ व्यापारीहरू छन् ।[३२] फुटपाथ व्यवसायको प्रवर्द्धन भएमा उद्यमशीलता, रोजगारी र सामाजिक गतिशीलता जस्ता धेरै क्षेत्रहरुमा सकारात्मक प्रभावहरू हुन्छन् । त्यसैगरी, फुटपाथ व्यवसाय अर्थतन्त्रमैत्री उद्यम हो किनभने यो आर्थिक मन्दीका साथै वित्तीय उछालको अवस्थामा फस्टाउँछ । सहरी क्षेत्रमा अर्थतन्त्र बढ्दै जाँदा फुटपाथ व्यवसायीरूको माग बढ्नेछ र धेरै मानिसहरू यो पेशामा आवद्ध हुन्छन् । ग्रामिण इलाकाहरुबाट आर्थिक अवसरको खोजीमा सहर झरेकाहरुलाई सानो पुँजी लगानीमा उपयुक्त आर्थिक अवसरको सिर्जना फुटपाथले गर्नसक्छ ।

नेपालको सन्दर्भमा फुटपाथलाई नीतिगत व्यवस्था गरी कुनैपनि सहरमा व्यवस्थापन हुन सकेको छैन । यो भन्दै गर्दा फुटपाथ व्यवसाय पनि रोकिएको भने छैन । काठमाडौं महानगरपालिकाका नगर प्रहरीहरु कतिबेला आएर लखेट्ने हुन्, कताबाट आएर सामान जफत गर्ने हुन् फुटपाथ व्यापारीलाई अन्दाजै हुँदैन । ललितपुर महानगरपालिकाले भने फुटपाथ नियन्त्रणमा नयाँ अभ्यास थालेको छ । यसअघि काठमाडौं महानगरको जस्तै धरपकडको नीति लिएको ललितपुर महानगरले फुटपाथ व्यवसायीलाई विकल्प दिन थालेको छ । यसअघि ललितपुरका नगर प्रहरी फुटपाथ व्यापारीमाथि नियन्त्रणको प्रयास गर्दा भागाभाग चल्थ्यो । नगर प्रहरीलाई अर्कै नजरले हेरिन्थ्यो तर पछिल्लो समय नजर फेरिएको छ । नगर प्रहरीले फुटपाथ व्यवसायीहरुलाई व्यवस्थित र सुरक्षित ठाउँमा बस्नका लागि सहजिकरणको काम गर्ने गरेका छन् । नीतिगत व्यवस्थापन गर्न समय लाग्ने भएकोले अल्पकालिन रुपमा यस्तो व्यवस्था उत्तम हो ।[३३]

रोजगारीका लागि काठमाडौं उपत्यका आएका धेरै मानिसले अरु काम नपाएपछि सडकको व्यापारलाई आर्थिक उपार्जनको माध्यम बनाएका छन् । नगरपालिकाको डरले उनीहरु दिउँसोभर कठिनाइपुर्वक व्यवसाय गर्छन भने बिहान र बेलुकी २/२ घण्टा भएपनि व्यापार गर्छन् । काठमाडौं उपत्यकाका नगर क्षेत्रका सडकमा व्यापार गरेर जीविकोपार्जन गर्ने यस्ता हजारौँ मानिस छन् ।[३४] प्रदेश १ को ठुलो सहर विराटनगरमा मात्रै १९ वटा साताव्यापी बजार छन्, जसले युगौंदेखि ग्रामीण व्यापारीको बजारको रुपमा काम गर्दै आएको छ । धेरै कम आय भएका व्यक्तिहरू अझै पनि यी विक्रेताहरूद्वारा प्रदान गरिएको कम लागत सेवामा निर्भर छन् । सहरका अधिकांश घरपरिवार यी बिक्रेताहरूले आपूर्ति गर्ने तरकारीमा निर्भर छन् ।[३५]

छिमेकी मुलुक भारतमा अनुमानित एक करोड फुटपाथ व्यवसायी रहेका छन् । जो कुल शहरी रोजगारीको लगभग ११ प्रतिशत हो । फुटपाथले अर्थतन्त्रको दैनिक करिब ८० करोड रुपैयाँको कारोबार हुन्छ । प्रत्येक फुटपाथ व्यवसायी वा व्यापारीले कर्मचारी, साझेदार वा कामदारको रूपमा औसत तीनजनालाई सहयोग गर्छन् ।[३६] मेक्सिको (२०१९) मा कुल सहरी रोजगारीमा ४ प्रतिशत महिला र ३ प्रतिशत पुरुष फुटपाथ व्यवसायी छन् ।[३७]

घानामा सहरी अनौपचारिक रोजगारीको १४ प्रतिशत फुटपाथ व्यवसायी छन् । त्यहाँका आठ सहरहरूमा फुटपाथ व्यवसायीरूले गैर-कृषि रोजगारीको १३ प्रतिशत देखि २४ प्रतिशतसम्म योगदान गरेका छन् । यी सहरहरूमा महिलाहरूको अनौपचारिक रोजगारीमा फुटपाथ व्यवसायले ठूलो हिस्सा ओगट्छ ।[३८] पुटपाथ व्यवस्थापनको विषय नेपालका सबै सहरहरुमा महत्वपुर्ण छ । नेपालका मुख्य शहरहरुमा विशेष गरी फुटपाथ व्यवसायीहरुको संख्या धेरै भएपनि उचित व्यवस्थापनको अभ्यास भने अहिलेसम्म हुन सकेको छैन ।[३९] केन्द्रीय तथ्याङ्क विभागले

गतवर्ष प्रकाशित गरेको अनौपचारिक क्षेत्र सम्बन्धी विश्लेषणात्मक प्रतिवेदन अनुसार नेपालमा सञ्चालित झण्डै आधा व्यवसायिक प्रतिष्ठानहरू दर्ता नभएका र अनौपचारिक उद्यमका रूपमा गनिएका छन् । देशका ९२३,०२७ व्यवसायिक प्रतिष्ठान मध्ये ३४,१०१ (३.७ प्रतिशत) फुटपाथ व्यवसाय थिए । देशमा ३२ करोड ३३ लाख रोजगारीमा रहेका मध्ये ४५ हजार ३३० जना फुटपाथ व्यवसायमा संलग्न छन् ।[४०] यो तथ्यांकलाई हेर्दा हजारौँको संख्यामा नागरिकहरु फुटपाथबाट स्वरोजगार भएका छन् ।

विश्व बैंकको पछिल्लो प्रतिवेदनअवुसार नेपाल व्यवसाय गर्ने वातावरणमा ९४ औँ स्थानमा पर्छ । यसर्थ यहाँ व्यवसायको सुरुवात् गर्नेदेखि सञ्चालन गर्ने बेलासम्म विभिन्न कानुनी तथा व्यावाहारिक जटिलताहरु छन् । व्यवसाय सुरुवात गर्न सहजताको हिसवाले भने नेपाल एक सय १३५ औं स्थानमा छ । विश्व बैंकको उक्त प्रतिवेदनअनुसार नेपालमा व्यवसाय सुरुवात गर्न औषतमा २२.५ दिन खर्चिनुपर्छ । नेपालमा व्यवसाय स्थापना गर्न लाग्ने आठ चरणहरू पार गर्नुपर्छ ।[४१] फुटपाथ व्यवसायमा प्रवेश गर्नका लागि त्यति ठुलो लगानी पनि आवश्यक पर्दैन र त्यसका लागि प्रवेशको लागि अवरोध पनि नहुनाले नागरिकहरु यसतर्फ आकर्षिक हुन्छन् ।

फुटपाथ व्यवसायबाट मध्यम तथा न्युन आय भएकाहरुले नै फाइदा लिन्छन् । दुर्भाग्यवश फुटपाथ व्यवसायलाई गैरकानूनी गतिविधि मानिन्छ र फुटपाथ व्यवसायीहरूलाई अपराधीको रूपमा व्यवहार गरिन्छ । स्थानीय सरकार प्रहरीको दुर्व्यवहारबाट फुटपाथ व्यवसायी ग्रसित छन् । दक्षिण एसियामा फुटपाथ व्यवसायसम्बन्धी गरिएको अध्ययनले लगभग सबै एसियाली देशहरूमा फुटपाथ व्यवसायीहरूको आफ्नो व्यवसाय सञ्चालन गर्न कुनै कानुनी हैसियत नभएको र उनीहरूलाई अधिकारीहरूले निरन्तर दुर्व्यवहार गर्ने गरेको देखाउँछ ।[४२]


# अध्याय: ६
# वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय विश्लेषण

## ६.१ वीरेन्द्रनगरमा फुटपाथ व्यवसायीको संख्या





वीरेन्द्रनगर नगरपालिकाको २०७६ सालको तथ्यांक अनुसार नगरपालिकाभित्र फुटपाथ व्यवसायीहरुको संख्या ७ सय रहेको थियो । त्यो समयमा पनि नगरपालिकामा सबै फुटपाथ व्यवसायीहरुको तथ्यांक समेटिएको थिएन ।[४३] तीन वर्षको अवधिमा हाल वीरेन्द्रनगर नगरपालिकाको तथ्यांकअनुसार नगरपालिकाभर २२० जना फुटपाथ व्यवसायी रहेका छन् ।[४४] तीन वर्षको अवधिमा नगरपालिकाको तथ्यांकमै करिब पाँच सय फुटपाथ व्यवसायी घटेका छन् । छोटो अवधिमा सयौंको संख्यामा फुटपाथ व्यवसायबाट पलायन हुनुमा विभिन्न कारणहरु छन् । यसको कारण नगरपालिकाले प्रहरीमार्फत फुटपाथ व्यवसायीहरुलाई हटाउने, सार्वजनिक स्थलहरुमा फुटपाथ व्यवसाय गर्न नदिने तथा व्यवसायलाई शहको व्यवस्थापनको नाममा गरिने दुर्व्यवहार भएको व्यवसायीहरुले जनाएका छन् ।

## ६.२ फुटपाथ व्यवसायमा संलग्न उमेर समुह





वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय गरिरहेकाहरुमध्ये यो अध्ययनमा समावेश भएका २३ प्रतिशत उत्तरदाताले १६ देखि २९ वर्ष उमेर समुहको भएको बताएका छन् । सबैभन्दा धेरै ३० देखि ४४ वर्ष उमेर समुहका ५३ प्रतिशत फुटपाथ व्यवसायी रहेको पाइयो । ४५ देखि ६० वर्ष उमेरका २४ प्रतिशत उत्तरदाता थिए ।

## ६.३ फुटपाथ व्यवसायमा लैगिंक रुपमा सहभागिता





उत्तरदाता फुटपाथ व्यवसायीहरुमध्ये महिलाको संख्या अत्याधिक मात्रामा रहेको छ । महिला ६१ प्रतिशत र पुरुष ३९ प्रतिशतले फुटपाथ व्यवसाय गरिरहेका छन् । फुटपाथ व्यवसायबाट धेरै संख्यामा महिलाहरु स्वरोजगार भएका छन् । फुटपाथ व्यवसायबाट महिलाहरुले आम्दानी गर्नुले पारिवारिक रुपमा पनि महिलाहरुको आर्थिक क्रियाकलापमा संलग्न हुने प्रवृति बढाउँछ । यसका साथै आर्थिक क्रियाकलापमा महिलाको संलग्नताले महिला शसक्तिकरणमा समेत सहयोग गर्दछ ।

### ६.४ फुटपाथ व्यवसायीको शैक्षिक स्तर





अधिकांश फुटपाथ व्यवसायीहरु सामान्य लेखपढसम्मको मात्रै शैक्षिक स्तर पुरा गरेको पाइएको छ। उत्तरदाताहरुमध्ये ५९ प्रतिशतले सामान्य लेखपढ गरेको बताएका छन्। एसएलसीसम्म अध्ययन गरेका ३३ प्रतिशत उत्तरदाताहरु थिए। त्यसैगरी ८ प्रतिशत उत्तरदाताहरुले प्रविणता प्रमाणपत्र तह (कक्षा १२) सम्मको अध्ययन गरेको बताएका छन्। यो तथ्यांकलाई हेर्दा सामान्य लेखपढ भएका ५९% व्यवसायीहरु स्वरोजगार भएका छन्। ८ प्रतिशत उत्तरदाताहरुले प्रविणता प्रमाणपत्र तह (कक्षा १२) सम्मको अध्ययन गरेकाहरुले पनि रोजगारीका अन्य अवसरहरु नपाएपछि फुटपाथ व्यवसाय रोजेका छन्।

### ६.५ भुगोलको आधारमा फुटपाथ व्यवसायीको प्रतिनिधित्व





फुटपाथ व्यवसायीहरुमध्ये अध्ययनमा समेटिएकाहरुमध्ये सबैभन्दा धेरै उत्तरदाताहरु वीरेन्द्रनगरका स्थायी बासिन्दा थिए। वीरेन्द्रनगरमा स्थायी बसोबास भएका ५१ प्रतिशत, सुर्खेतका अन्य स्थानीय तह स्थायी ठेगाना भएका ९ प्रतिशत र सुर्खेतबाहेकका कर्णाली प्रदेशभित्रका अन्य जिल्लाका २७ प्रतिशत उत्तरदाताहरु थिए। कर्णाली प्रदेश बाहिरका नेपालका विभिन्न भुभाग स्थायी ठेगाना भएका ११ प्रतिशत र नेपालबाहिर (भारत) का २ प्रतिशत फुटपाथ व्यवसायीहरु थिए। फुटपाथ व्यवसायीहरुमध्ये वीरेन्द्रनगरमा स्थायी बसोबास भएका ५१ प्रतिशत, सुर्खेतका अन्य स्थानीय तह स्थायी ठेगाना भएका ९ प्रतिशत र सुर्खेतबाहेकका कर्णाली प्रदेशभित्रका अन्य जिल्लाका २७ प्रतिशत गरी कर्णाली प्रदेश भित्रका ८७% फुटपाथ व्यवसायी गरिरहेका थिए। यो आँकडा हेर्दा वीरेन्द्रनगरमा फुटपाथ व्यवसाय गरिरहेकाहरु मध्ये आधाभन्दा वढी वीरेन्द्रनगर नगरपालिकाकै वासिन्दा हुन्। तथ्यांकले फुटपाथ व्यवसायले नगरकै वासिन्दाहरुको आयआर्जन र जीविकोपार्जनमा मद्धत गरेको देखिन्छ।

### ६.६ फुटपाथ व्यवसायीहरूको पारिवारिक अवस्था





फुटपाथ व्यवसाय गरिरहेका सबै उत्तरदाताहरु बिबाहित रहेका थिए। उनीहरु मध्ये अधिकांशका श्रीमान/श्रीमती बेरोजगार रहेको बताए। ६५ प्रतिशत उत्तरदाताले आफ्ना श्रीमान/श्रीमती बेरोजगार रहेको बताएका थिए। २८ प्रतिशत उत्तरदाताका श्रीमान/श्रीमती ले फुटपाथमा सँगै काम गर्थे। ३ प्रतिशत उत्तरदाताका श्रीमान/श्रीमती कृषि गर्थे भने व्यापार व्यवसाय गर्ने र विद्यार्थी श्रीमान/श्रीमती भएका २/२ प्रतिशत उत्तरदाताहरु थिए। यसर्थ परिवारमा कुनैपनि रोजगारी नभएकाहरु अधिकांश फुटपाथ व्यवसायमा संलग्न भएका थिए। यसले उनिहरुको परिवारको आयआर्जनलाई त बढाउँछ नै साथसाथै उनिहरुलाई आर्थिक क्रियाकलापमा संलग्न गराई पारिवारिक खर्चको मुख्य स्रोत उक्त आय बन्छ।

### ६.७ फुटपाथ व्यवसायमा संलग्न अवधी





फुटपाथमा व्यापार गरिरहेका उत्तरदाताहरुमध्ये १ वर्षभन्दा कम समयअघि व्यवसाय सुरु गरेका १२ प्रतिशत छन् । २९ प्रतिशत उत्तरदाताहरुले १ देखि २ वर्षअघि व्यवसाय सुरु गरेको बताए। ३३ प्रतिशत उत्तरदाताहरुले २ देखि पाँच वर्षअघि सुरु गरेको बताए। ५ वर्षभन्दा पहिले व्यवसाय सुरु गर्नेहरु २६ प्रतिशत उत्तरदाताहरु थिए। तथ्यांकबाट ५ वर्षपहिलेदेखि फुटपाथ व्यवसाय गर्दै आएकाहरु जम्मा २६ प्रतिशतमात्रै देखिन्छ। यसलाई हेर्दा पुराना फुटपाथ व्यवसायीहरु दिगो रुपमा व्यवसाय गर्न नसकेको देखिन्छ। अर्थात फुटपाथी व्यवसायीहरु छोटो समयमै पलायन हुने गरेको समेत तथ्यांकले देखाउँछ।

### ६.८ फुटपाथ व्यवसाय संलग्न हुनुको कारण





उत्तरदाताहरुमध्ये अधिकांशले रोजगारीका अवसरको अभावले फुटपाथ व्यवसायमा संलग्न भएको बताएका छन् । ८० प्रतिशत उत्तरदताहरुले रोजगारीको अवसरको अभावले फुटपाथवमा व्यापार गरेको बताए। ११ प्रतिशत उत्तरदाताहरुले पुँजी कम लाग्ने हुनाले र ९ प्रतितश उत्तरदाताले धेरै नाफा हुनाले फुटपाथ व्यवसायमा संलग्न भएको बताए । फुटपाथ व्यवसायमा संलग्न हुने कारणमा ८०% प्रतिशत उत्तरदाता रोजगारीका अवसरको अभाव बताउनुले फुटपाथले स्वरोजगारी सिर्जना गरेको स्पष्ट हुन्छ। राज्य एवं नीजि क्षेत्रले पर्याप्त रोजगारी सिर्जना गर्न नसकिरहेको अवस्थामा फुटपाथ व्यवसायीहरु स्वरोजगार भइरहेको छन् ।

### ६.९ व्यापारमा खर्च गर्ने समय




उत्तरदाताहरुमध्ये दैनिक १० घण्टा भन्दा बढि फुटपाथको व्यापारमा संलग्न हुने छड% व्यवसायी थिए। ३३% व्यवसायीहरुले दैनिक ७ देखि १० घण्टासम्म व्यापारमा समय खर्च गर्ने बताए । दैनिक ६ घण्टासम्म मात्रै समय बिताउने उत्तरदाताहरु ९% मात्रै थिए। तथ्यांक अनुसार धेरैजसो फुटपाथ व्यवसायीले आफ्नो अधिकांश कार्य समय फुटपाथ व्यवसायमा व्यतित गर्ने गरेका छन् ।


### ६.१० व्यापार हुने समय




उत्तरदाताहरुमध्ये ९५ प्रतिशतले सँधैजसो व्यापारमा संलग्न हुने बताए। ५ प्रतिशत व्यवसायीहरुले मौसमी रुपमा केही महिनामात्रै व्यवसायमा संलग्न हुने बताए जसमा मकै पोल्ने, आइसक्रिम बेच्ने लगायत थिए।


### ६.११ फुटपाथमा विक्रि गर्ने वस्तु तथा सेवाहरू

फुटपाथमा सबैभन्दा धेरै ४२% उत्तरदाताहरुले तरकारी तथा फलफुल विक्रि गरिहेका थिए। मिठाईँ, खाजा तथा अन्य खानेकुराको व्यापार गर्ने २३ प्रतिशत उत्तरदाताहरु थिए। १९ प्रतिशत व्यवसायीहरुले खुद्रा सामान र ९ प्रतिशतले फेन्सी कपडा विक्रि गरिरहेको बताए। आइसक्रिम, जुस, मकै, लगायतका अन्य सामान बेच्ने उत्तरदाताहरु ७% थिए।





### ६.१२ फुटपाथमा काम गर्ने जनशक्ति

उत्तरदाताहरुमध्ये ७१% ले आफु एक्लैले व्यवसाय गरिरहेका थिए। २९% व्यवसायीले भने परिवारका सदस्यलाई पनि आफुसँगै व्यवसायमा संलग्न गराएका थिए। केहीले आफुसँगै परिवारका सदस्यहरुलाइृ स्वरोजगार बनाउनु सुखद् पक्ष हो। तर तथ्यांक हेर्दा बहुसंख्यक फुटपाथ व्यवसायीले एक्लै व्यापार गरिरहेको देखिन्छ। कुनैपनि फुटपाथ व्यवसायीले कर्मचारी राखेका छैनन्।





### ६.१३ व्यापरका लागि वस्तुको खरिद

उत्तरदाताहरुमध्ये ९२% ले स्थानीय बजारबाट सामाग्री खरिद गर्ने बताए। सुर्खेतबाहिरको बजारबाट खरिद गर्ने र आफै उत्पादित बस्तु बेच्ने २/२ प्रतिशत थिए। केही आफै र केही खरिद गरेर बेच्नेहरु (अन्य) ४ प्रतिशत थिए। स्थानीय बजारबाट वस्तु खरिद गरी विक्रि गर्नुले स्थानीय बजारकै सक्रियता पनि बढ्छ।





### ६.१४ व्यवसाय गर्ने स्थान

उत्तरदाताहरुमध्ये सँधैभरी एकैठाउँमा व्यवसाय गर्ने ७१% थिए। बाँकि २४% उत्तरदाताहरुले व्यापार गर्ने ठाउँ परिवर्तन गरिरहने बताए। जसमध्ये अधिकांशले नगरपालिका र प्रहरीले हटाएर ठाउँ परिवर्तन गर्नुपरेको बताए। केहीले जता ग्राहक धेरै हुन्छन् त्यतै ठाउँ परिवर्तन गर्ने गरेको बताए।





### ६.१५ फुटपाथ व्यवसायमा रहेका मुख्य समस्याहरु:

उत्तरदाताहरुमध्ये ६३% ले व्यापार गर्ने ठाउँको लागि समस्या रहेको बताए। नगरपालिकाद्वारा हटाइसक्ने समस्या भएका उत्तरदाता १९% थिए। प्रहरीबाट दुर्व्यवहार समस्या भएका उत्तरदाताहरु ८% र व्यापार कम हुने समस्या भएका उत्तरदाता ४ प्रतिशत थिए।यी सबैजसो समस्या भएका ४% उत्तरदाताहरु थिए। तथ्यांकअनुसार अधिंकाश फुटपाथ व्यवसायीले भोगेको प्रमुख समस्या भनेको उपयुक्त र सुरक्षित स्थानको अभाव हो।




## ६.१६ फुटपाथ व्यवसायीले नगरपालिकाले गर्ने व्यवहार





उत्तरदाताहरुमध्ये ३८% ले आफुलाइ वीरेन्द्रनगर नगरपालिकाले वास्ता नगरेको बताए। ३६% ले आफुहरु र व्यवसायलाई नराम्रो व्यवहार गरेको बताए।२६ प्रतिशत उत्तरदाताहरुले नगरपालिकाले आफुहरुलाई ठिकै व्यवहार गरेको बताए। यस सर्भेमा सहभागी भएका कसैले पनि नगरपालिकाले राम्रो व्यवहार गरिरहेको बताएनन्।

## ६.१७ फुटपाथ व्यवसायबाट मासिक आम्दानी




फुटपाथ व्यवसायीहरुमध्ये ७% उत्तरदाताहरुले मासिक २५ हजारभन्दाख बढि आम्दानी गरेको बताउँदा ४७% ले मासिक १५ देखि २५ हजारसम्म आम्दानी गर्ने गरेको बताए। ४४% उत्तरदाताले मासिक १० देखि १५ हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेको बताए। भने २% उत्तरदाताहरुले मासिक ५ देखि १० हजारसम्म आम्दानी गर्नेगरेको बताए। फुटपाथ व्यवसायबाट उनिहरुले उल्लेख्य मात्रामा आम्दानी गरिरहेको देखिन्छ।


## ६.१८ नगरपालिकाबाट अपेक्षा





फुटपाथ व्यवसायीहरुले अधिकांशले आफुहरुले व्यवसाय गर्ने ठाउँ व्यवस्थापनको माग नगरपालिकासँग गरेका छन्। ७९%ले उचित स्थान व्यवस्थापनको माग गरे भने १६% ले फुटपाथ व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिकाले कानुन निर्माण गर्नुपर्ने माग गरे। ५% उत्तरदाताहरुले कानुन निर्माण र स्थान व्यवस्थापन दुबै गर्न माग गरे। यसर्थ नगरपालिकाले फुटपाथ व्यवसायीहरुलाई व्यवस्थित ठाउँको व्यवस्थापन गरी निर्धक्कसँग व्यवसाय गर्न पाउनेगरी कानून निर्माण गर्न जरुरी देखिन्छ।

## ६.१९ व्यवसाय गर्दैगर्दा कुनै सरकारी निकाय वा व्यक्तिले दिएको सास्ति

फुटपाथ व्यवसाय गर्दैगर्दा उत्तरदाताहरुमध्ये ६७% ले आफुलाई कसै न कसैले सास्ती दिएको बताए। ३३% ले भने व्यवसाय गर्दा कसैले सास्ती नदिएको बताए। सास्ति दिनेहरुमध्ये ८७% ले प्रहरी रहेको बताए। अन्य १३ प्रतिशतले भने बटुवा, सवारीचालक लगायतले सास्ती दिएको बताए। नगरपालिकाले फुटपाथ व्यवसायीलाई हटाउनका लागि प्रहरी परिचालन गर्नाले सबैभन्दा धेरै प्रहरीले फुटपाथ व्यवसायीलाई सास्ति दिएको देखिन्छ।



This page intentionally left blank.

# अध्यायः ७
# निश्कर्ष एवं सुझाबहरू

## ७.१ निश्कर्ष

- फुटपाथले दक्षिण एसियाभरि लाखौं परिवारलाई रोजगारी दिन्छ, जहाँ हजारौंले सडक, फुटपाथ र अन्य खुला सार्वजनिक ठाउँहरूमा सामान बेचेर आफ्नो जीविकोपार्जन गर्छन् । यो सहरी गरिबहरूका लागि आयको मुख्य स्रोतका साथै सहरका बासिन्दाहरूका लागि अपेक्षाकृत सस्तो वस्तुहरूको स्रोतको रूपमा रहेको छ ।
- फुटपाथ व्यवसाय अनौपचारिक क्षेत्रको सबैभन्दा देखिने पक्ष हो, जहाँ हजारौं मानिसहरूले सडक, फुटपाथ र अन्य खुला सार्वजनिक स्थानहरूमा सामान बेचेर आफ्नो जीविका चलाउँछन् ।
- औपचारिक क्षेत्रमा राम्रो तलबको काम पाउनको लागि सीप, ज्ञान र शिक्षा नभएका कारण ग्रामीण क्षेत्रबाट सहरझरेकाहरु प्रायजसो फुटपाथ व्यवसायमा संलग्न हुने गर्छन् ।
- नेपाल जस्ता धैरै विकासोन्मुख र अल्पविकसित देशहरूमा, रोजगारदाताहरूको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा संलग्न छन् । अफ्रिकी, एसियाली र ल्याटिन अमेरिकी सहरहरूको आधिकारिक तथ्याङ्क अनुसार, फुटपाथ व्यवसायीहरूले कुल सहरी अनौपचारिक रोजगारीको २ देखि २४ प्रतिशतसम्म ओगटेका छन् । अध्ययनहरुले देखाएअनुसार फुटपाथ व्यवसायीहरुले प्रहरीबाट सबैभन्दा धैरै यातना खेप्छन् । अध्ययनअनुसार ८६.६ प्रतितश फुटपाथ व्यवसायीहरू आफ्नो आम्दानीको स्रोतको रूपमा फुटपाथ व्यापारमा पूर्ण रूपमा निर्भर छन् । फुटपाथका प्रमुख कारणहरू वैकल्पिक रोजगारीका अवसरहरूको अभाव, घरायसी खाद्य सुरक्षा सुनिश्चित गर्न र अन्य गतिविधिहरूबाट आयलाई पूरक बनाउनु थियो । एक अध्ययनले फुटपाथ व्यवसायीको जीवनस्तरमा सुधार ल्याउन फुटपाथ व्यवसायले योगदान पुर्याएको निष्कर्ष निकालेको छ ।
- फुटपाथ व्यवसायलाइ सहजरुपमा व्यवस्थापन गर्न सकेमा समस्या नभई स्रोत हुन सक्छन् । यसले गरिब जनतालाई काम, रोजगारी र जीविकोपार्जन प्रदान गर्दै आएको हुनाले यो बढ्दो बेरोजगारी दरलाई समाधान गर्ने स्रोत बन्न सक्छ । गरिब आप्रवासीहरूले कुनै न कुनै रूपमा आफ्नो पूँजीगत सम्पत्तिको विकास गरेका छन् तर सहरको वातावरणको सौन्दर्यलाई कसरी जोगाउने र व्यापारीहरूलाई दिगो रूपमा व्यापारको लागि ठाउँ उपलब्ध गराउने व्यवस्थापन र योजनाबारे सोच्नुपर्छ ।
- विश्व बैंकको पछिल्लो प्रतिवेदनअवुसार नेपाल व्यवसाय गर्ने वातावरणमा ९४ औं स्थानमा पर्छ । व्यवसाय दर्ता गरेर सन्चालन गर्न कानुनी तथा व्यवहारीक कठिनाइ रहेको कारण फुटपाथ व्यवसायमा मानिसहरु आकर्षित भइरहेका छन् ।
- गाउँगाउँमा स्थानीय सरकार निर्माण भएसँगै गाउँमा पनि बजार र सहरीकरण बढ्ने क्रम आएको छ । स्थानीयस्तरमा व्यापारका लागि बजारको विकास हुन थालेको छ । यस अर्थमा पनि फुटपाथ व्यवस्थापनका लागि नेपालका सहरदेखि गाउँसम्मका स्थानीय तहहरुले नीतिनिर्माण गर्न आवश्यकता महसुस भएको छ ।
- व्यवस्थित फुटपाथ व्यवसायको वातवरण सिर्जना भएमा यहाँका नागरिकहरुलाई रोजगारी र आर्थिक क्रियाकलापमा संलग्न हुने अवसर सिर्जना हुन्छ । फुटपाथलाई व्यवस्थित गरी उनीहरुबाट राजस्व संकलन गर्ने नीति ल्याउन सके नगरपालिकालाई दोहोरो फाईदा हुने देखिन्छ । पहिलो फाइदा नगरकै वासिन्दाहरु आर्थीक क्रियाकलापमा संलग्न हुन्छन् जसले गर्दा उनीहरुको प्रतिव्यक्ति आय वृद्धि हुन्छ, जीवनयापन सहज हुन्छ, नगरपालिकाको वेरोजगारी दरमा कमि हुन्छ । अर्कोतर्फ फुटपाथ व्यवसायीलाई व्यवस्थित गरि राजश्व प्रणालीमा ल्याउन सके नगरपालिकाको आन्तरिक आम्दानीमा पनि वृद्धि हुन्छ ।

- नगरपालिकामा सञ्चालनमा रहेका व्यापार, व्यवसायिक फर्म तथा कम्पनी सञ्चालकको लिङ्गका आधारमा जनसंख्याको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको स्वामित्वमा रहेका फर्महरूको संख्या आधा भन्दा पनि कम रहेको छ । तर फुटपाथ व्यवसायमा भने महिलाहरुको संलग्ता वढी देखिन्छ । यसले महिला उद्यमशिलता तथा महिला शसक्तिकरणमा समेत सहयोग गर्दछ ।
- फुटपाथ व्यवसायबाट मध्यम तथा न्युन आय भएकाहरुले नै फाइदा लिन्छन् । दक्षिण एसियामा फुटपाथ व्यवसायसम्वन्धी गरिएको अध्ययनले लगभग सबै एसियाली देशहरूमा फुटपाथ व्यवसायीहरूको आफ्नो व्यवसाय सञ्चालन गर्न कुनै कानुनी हैसियत नभएको र उनीहरूलाई राज्यले निरन्तर दुर्व्यवहार गर्ने गरेको देखाउँछ ।
- वीरेन्द्रनगर नगरपालिकाको २०७६ सालको तथ्यांक अनुसार नगरपालिकाभित्र फुटपाथ व्यवसायीहरुको संख्या ७ सय रहेको थियो । तीन वर्षको अवधिमा नगरपालिकामा २२० जना फुटपाथ व्यवसायी रहेका छन् । तीन वर्षको अवधिमा नगरपालिकाको तथ्यांकमै करिब पाँच सय फुटपाथ व्यवसायी घटेका छन् ।
- अधिकांश फुटपाथ व्यवसायीले रोजगारीका अवसरको अभावले फुटपाथ व्यवसायमा संलग्न भएको बताएका छन् । ८० प्रतिशत उत्तरदताहरुले रोजगारीको अवसरको अभावले फुटपाथवमा व्यापार गरेको बताए । ११ प्रतिशत उत्तरदाताहरुले पुँजी कम लाग्ने हुनाले र ९ प्रतितश उत्तरदाताले धेरै नाफा हुनाले फुटपाथ व्यवसायमा संलग्न भएको बताए । फुटपाथ व्यवसायमा संलग्न हुने कारणमा ८०% प्रतिशत उत्तरदाता रोजगारीका अवसरको अभाव बताउनुले फुटपाथले स्वरोजगारी सिर्जना गरेको स्पष्ट हुन्छ ।
- उत्तरदाताहरुमध्ये ६३% ले व्यापार गर्ने ठाउँको लागि समस्या रहेको बताए । नगरपालिकाद्वारा हटाइसक्ने समस्या भएका उत्तरदाता ज्ञढ% थिए । प्रहरीबाट दुर्व्यवहार समस्या भएका उत्तरदाताहरु ८%र व्यापार कम हुने समस्या भएका उत्तरदाता ४ प्रतिशत थिए । यी सबैजसो समस्या भएका ४% उत्तरदाताहरु थिए ।
- फुटपाथ व्यवसायीहरुले अधिकांशले आफुहरुले व्यवसाय गर्ने ठाउँ व्यवस्थापनको माग नगरपालिकासँग गरेका छन् । ७९%ले उचित स्थान व्यवस्थापनको माग गरे भने १६% ले फुटपाथ व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिकाले कानुन निर्माण गर्नुपर्ने माग गरे । ५% उत्तरदाताहरुले कानुन निर्माण र स्थान व्यवस्थापन दुबै गर्न माग गरे । यसर्थ नगरपालिकाले फुटपाथ व्यवसायीहरुलाई व्यवस्थित ठाउँको व्यवस्थापन गरी निर्धक्क व्यवसाय गर्न पाउनेगरी कानून निर्माण गर्न जरुरी देखिन्छ ।

## ७. २ वीरेन्द्रनगर नगरपालिकामा फुटपाथ व्यवस्थापनका लागि सुझावहरु

### (क) राजश्व प्रणालीमा ल्याउने

वीरेन्द्रनगर नगरपालिकाका विभिन्न ठाँउमा फुटपाथ व्यवसाय गरिरहेका फुटपाथ व्यवसायीहरुलाई फुटपाथबाट पुर्ण रुपमा विस्थापित गर्नुले स्थानीय सरकार प्रति फुटपाथ व्यवसायीका साथै अन्य नागरिकहरुबाटै पनि नकारात्मक टिप्पणी आउन सक्छ ।फुटपाथ व्यवस्थापनमा आर्थीक व्यवस्थापनको पक्षलाई नै हेरौं न । फुटपाथ व्यवस्थापनको क्रममा हुने खर्चले नगरपालिकालाई थप व्ययभार पर्दैन । उनीहरु राजश्व प्रणालीमा आइसकेपछि उनीहरुले नगरपालिकालाई वुझाएको राजश्वले फुटपाथको व्यवस्थापन गर्न प्रर्याप्त हुन्छ ।

### (ख) नगर प्रमुख वा उपप्रमुखको मातहतमा रहने गरी फुटपाथ व्यवस्थापन समिति निर्माण गर्ने

फुटपाथ व्यवस्थापनको लागि प्रहरी परिचालन गर्नुभन्दा पनि नगरपालिकाकै पदाधिकारीको नेतृत्वमा फुटपाथ व्यवसायी सहितको समिति निर्माण गर्नु उपयुक्त हुन्छ । यसले गर्दा फुटपाथ व्यवसायीलाई पनि अपनत्वको महशुस

हुन्छ । तथ्यांकहरु हेर्दा दक्षिण एसियाका अधिकांश देशका प्रहरीसँग नागरिकहरु रुष्ट हुने र प्रहरीको हस्तक्षेपलाई राजनीतिक मुद्धा वनाउने गरेको देखिन्छ । त्यसकारण प्रहरी भन्दा पनि नगरपालिकाको निर्वाचित जनप्रतिनिधीको नेतृत्वमा फुटपाथ व्यवस्थापन समिति वनाउनु उपयुक्त हुन्छ । फुटपाथ व्यवस्थापन समितिले निम्नबमोजिमका जिम्मा दिइनुपर्छ ।

- समितिमा फुटपाथ व्यवसायीलाई समावेश गर्ने ।
- फुटपाथ व्यवसायका लागि क्षेत्र (Area) निर्धारण गर्ने र फुटपाथको वर्गिकरण गर्ने ।
- फुटपाथ व्यवसाय दर्ता, खारेज गर्न सिफारिस गर्ने ।
- क्षेत्रफलका आधारमा फुटपाथ व्यवसायीले शुल्क तिनुपर्ने व्यवस्था गर्ने ।
- फुटपाथबाट प्राप्त राजश्वले फोहोर व्यवस्थापन गर्ने, बटुवाका लागि सहज हुने संरचना निर्माण गर्ने ।
- फुटपाथमा व्यवसाय गर्न न्युनतम मापदण्ड निर्धारण गर्ने ।
- फुटपाथ विक्रेताको परिचयपत्र अनिवार्य गर्ने ।
- परिचयपत्र नभएमा उक्त फुटपाथ व्यवसायीलाई उक्त समितिले जतिसुकै बेला जरिवाना गर्न सक्ने ।

### ग) फुटपाथको वर्गिकरण

वीरेन्द्रनगर नगरपालिकामा पनि इन्डानेसियाको बङ्डुङ शहरमा जस्तै फुटपाथलाई ३ प्रकारमा वर्गिकरण गर्न सकिन्छ ।

**रेड जोन (फुटपाथको लागि पुर्ण रुपमा निषेधित क्षेत्र)**: गणेशचौकदेखि मंगलगढी चोकसम्मको मुख्य सडक, बुद्धपथ सडक, वीरेन्द्रचोकबाट एरिचोक जाने सडक, जुम्लारोड लगायत वडा नम्बर ६ मा पर्ने अधिकांश फुटपाथ ।

**एल्लो जोन (समयअनुसार आंशिक रूपमा फुटपाथ व्यवसायको लागि उपयुक्त क्षेत्र)**: हटियाचोकदेखि शिक्षा क्याम्पससम्म पुग्ने सडक (१० वजेदेखि ४ वजेसम्म उपयुक्त), पिपलचौतारा वरिपरीको क्षेत्र (१० वजेदेखि ४ वजेसम्म उपयुक्त) लगायत विद्यालय र प्रमुख प्रशासनिक भवनहरुको नजिक र निश्चित समयमा आवतजावत धेरै हुने स्थानहरु ।

**ग्रिन जोन (जुनसुकै समयमा पनि फुटपाथ व्यवसायको लागि उपयुक्त क्षेत्र)**: खाली चौरहरु, घण्टाघरको पश्चिम पर्खाल पछाडी रहेको खाली सडक, जिल्ला प्रहरी कार्यालय अगाडीदेखि कालिन्चौक सम्मको धेरै चौडाई भएको हटलाइन सडक, घण्टाघरदेखि नगरपालिकासम्मको सडकको कुइनेपानी जंगलतिरको क्षेत्र, गणेशचौक, आँखा अस्पताल अगाडी, मंगलगढीदेखि लाटिकोइली जाने बाटोको पुर्व साइड, श्री कृष्णसंस्कृत विद्यालय नजिक, सुर्खेत उपत्यका खानेपानीको कार्यालय अगाडी आदि कम सवारी चाप हुने स्थान ।

### घ) परिचयपत्रको व्यवस्था

फुटपाथको वर्गिकरण गरिसकेपछि नगरपालिकाको एल्लो जोन र ग्रिन जोनमा पर्ने फुटपाथमा व्यवसाय गर्ने फुटपाथ व्यवसायीहरुलाई नगरपालिकामा दर्ता हुने व्यवस्था गर्न सकिन्छ । दर्ता भएसँगै उनीहरुलाई व्यवसाय सन्चालनको प्रमाणपत्र वा परिचयपत्र प्रदान गर्ने र समयसमयमा उक्त स्थानमा फुटपाथ व्यवसायीहरुले परिचयपत्र राखे वा नराखेको अनुगमन गर्न सकिन्छ ।

### ङ) बटुवाको लागि संरचना

फुटपाथमा व्यवसाय गर्न दिँदा त्यसको सवैभन्दा ठुलो प्रभाव पर्ने भनेको वटुवालाई हो । फुटपाथ व्यवसायबाट उठेको राजश्वलाई फुटपाथ पैदलयात्रीको लागि सहज हुने संरचना निर्माणमा खर्च गर्नु उपयुक्त हुन्छ ।

This page intentionally left blank.

# सन्दर्भसामाग्री


1. Poudyal, B. (2017, December 12). Managing street entrepreneurs. *The Kathmandu Post*. Retrieved May 23, 2022, from https://kathmandupost.com/opinion/2017/12/12/managing-street-entrepreneurs
2. *Street Vendors and Market Traders*. (2020). Https://Www.Wiego.Org/. Retrieved May 23, 2022, from https://www.wiego.org/street-vendors-and-market-traders
3. *Street Vendors and Market Traders*. (2020). Https://Www.Wiego.Org/. Retrieved May 23, 2022, from https://www.wiego.org/street-vendors-and-market-traders
4. Paudyal, L. P. (2019). *Alternative ideas for Street Vendor Management in Birendranagar*. Hriti Foundation.
5. Pandey, S. R. (2018). *Formalizing Informal Marketplace: Reforming the Street Vending Sector in Biratnagar*. Bikalpa an Alternative.
6. Shrestha, N. (2012). *A Study on the Street Vendors of Kathmandu Municipality*
7. फ'टपाथका कारण अस्तव्यस्त महानगरपालकिा. (२०७४ फाग'न १९). अनलाइनखबर. Retrieved June 1, 2022, from https://www.onlinekhabar.com/2018/03/663012
8. कोभिड १९ र फुटपाथको व्यवस्थापन. (२०७४ फाग'न १९). कारोबार राष्ट्यि दैनिक. Retrieved June 1, 2022, from https://www.karobardaily.com/news/121583
9. Bhattarai, K., & Pathak, B. (2020). *Street Vending, Income Generation and Poverty Implication: The Case of the Kathmandu Valley, Nepal* [E-book].
10. Bamhu, Pamhidzai H. 2019. Street Vendors and the Legal Advocacy: Reflections from Ghana, India, Peru, South Africa and Thailand. WIEGO Resource Document No. 14. Manchester, UK: WIEGO.
11. *Doing Business*. (2020). World Bank.
12. Paudyal, L. P. (2019). *Alternative ideas for Street Vendor Management in Birendranagar*. Hriti Foundation.
13. वीरेन्द्रनगर नगरपालिकाले फुटपाथका संरचना हटायो. (2019, October 7). लोकान्तर. Retrieved June 1, 2022, from https://lokaantar.com/story/91273/2019/11/7/birendranagar-5/
14. वीरेन्द्रनगर नगरपालिका (२०७९)
15. वीरेन्द्रनगर नगरपालिकाले फुटपाथका संरचना हटायो. (2019, October 7). लोकान्तर. Retrieved June 1, 2022, from https://lokaantar.com/story/91273/2019/11/7/birendranagar-5/
16. नगरपालिका हटाउँदै जान्छ, फ'टपाथ व्यवसायी फेरी पसल थाप्छन् (हेर्न'होस् भिडियो रिपोर्ट). **(2020,** *November 23). Host Khabar. Retrieved June 2, 2022, from https://www.hostkhabar.com/2021/01/31/43814.html*
17. फ'टपाथका सामाग्री हटाउन वीरन्द्रनगरको नयाँ रणनीति. *(2020, November 23). Khulamancha.Com. Retrieved June 2, 2022, from* https://khulamancha.com/news/7761
18. नीति तथा कार्यक्रम र बजेट, आर्थिक वर्ष २०७६/०७७. (2019). वीरेन्द्रनगर नगरपालिका, स'र्खेत.
19. https://birendranagarmun.gov.np
20. केन्द्रीय तथ्यांक बिभाग (२०७८) राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा.
21. नगर पार्श्वचित्र. (२०७५). वीरेन्द्रनगर नगरपालिका, सुर्खेत.
22. नेपालको संविधान, २०७२
23. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
24. Hoang, Huu&Huu Son, Hoang & Tran, Thi& Lien, & Nguyen, Tien & Thao, & Nguyen, Tuan & Nam, & Hoang, Van & Anh, (2019). Street vendor management-Why not ?
25. Skinner, Caroline, Sarah Orleans Reed and Jenna Harvey. 2018. Supporting Informal Livelihoods in Public Space: A Toolkit for Local Authorities. Prepared by WIEGO for the Cities Alliance Joint

Work Programme for Equitable Economic Growth in Cities. Manchester, UK: WIEGO.

26. Hoang, Huu&Huu Son, Hoang & Tran, Thi& Lien, & Nguyen, Tien & Thao, & Nguyen, Tuan & Nam, & Hoang, Van & Anh, (2019). Street vendor management-Why not?
27. Women in Informal Employment: Globalizing and Organizing (WIEGO). (2018). PolicyBrief: StreetVending for Sustainable Urban Development in Bangkok.
28. Hoang, Huu&Huu Son, Hoang & Tran, Thi& Lien, & Nguyen, Tien & Thao, & Nguyen, Tuan & Nam, & Hoang, Van & Anh, (2019). Street vendor management-Why not ?
29. Hermawati, Rina &Paskarina, Caroline (2017). Arranging Street Vendors: A Study on Policy Management of Street Vendors in Bandung. 10.2991/icas-17.2017.59.
30. Women in Informal Employment: Globalizing and Organizing (WIEGO). (2018). PolicyBrief: StreetVending for Sustainable Urban Development in Bangkok.
31. Bamhu, Pamhidzai H. 2019. Street Vendors and the Legal Advocacy: Reflections from Ghana, India, Peru, South Africa and Thailand. WIEGO Resource Document No. 14. Manchester, UK: WIEGO.
32. https://www.bloomberg.com/news/articles/2015-11-13/for-international-street-vendors-day-a-look-at-street-vendors-around-the-world
33. Karki, K. (2021, January 25). फ’टपाथ व्यापार : काठमाडौं महानगरले उठाउँछ, ललितप’रले व्यवस्थापन गर्छ. Baahra-Khari. Retrieved May 23, 2022, from https://baahrakhari.com/detail/308025
34. Shahi, U. (2021, March 4). फ’टपाथको पीडा :च’स्त व्यवस्थापन नहँुदा सबैलाई पिरलो. DC Nepal. Retrieved May 23, 2022, from https://www.dcnepal.com/2021/03/231781/
35. Addressing the Ordeals of Street Vendors. (2018, October 28). Https://Bikalpa.Org/. Retrieved-May 23, 2022, from https://bikalpa.org/blog/addressing-the-ordeals-of-street-vendors/
36. D’Cruz, A. (2021, September 15). Only 11% Of Vulnerable Street Vendors Benefitted From PM Credit Scheme: Survey. Www.Indiaspend.Com.
37. Street Vendors and Market Traders. (2020). Https://Www.Wiego.Org/. Retrieved May 23, 2022, from https://www.wiego.org/street-vendors-and-market-traders
38. Skinner, Caroline, Sarah Orleans Reed and Jenna Harvey. 2018. Supporting Informal Livelihoods in Public Space: A Toolkit for Local Authorities. Prepared by WIEGO for the Cities Alliance Joint Work Programme for Equitable Economic Growth in Cities. Manchester, UK: WIEGO.
39. फ’टपाथका कारण अस्तव्यस्त महानगरपालकिा. (२०७४ फाग’न १९). अनलाइनखबर. Retrieved June 1, 2022, from https://www.onlinekhabar.com/2018/03/663012
40. Pandey, P. (2022, April 22). Street vendors are crucial to urban economy, but their plight is huge. The Kathmandu Post. Retrieved June 2, 2022, from https://kathmandupost.com/money/2022/04/22/street-vendors-are-crucial-to-urban-economy-but-their-plight-is-huge
41. Doing Business. (2020). World Bank.
42. Street Vendors in Asia: A Review Author(s): Sharit K. Bhowmik Source: Economic and Political Weekly, Vol. 40, No. 22/23 (May 28 - Jun. 10, 2005), pp. 2256- 2264 Published by: Economic and Political Weekly Stable URL: http://www.jstor.org/stable/4416705 Accessed: 09-12-2021
43. वीरेन्द्रनगर नगरपालिकाले फुटपाथका संरचना हटायो. (2019, October 7). लोकान्तर. Retrieved June 1, 2022, from https://lokaantar.com/story/91273/2019/11/7/birendranagar-5/
44. वीरेन्द्रनगर नगरपालिका (२०७९)

# ऋति फाउण्डेशनबारेः

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली प्रदेशको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ ।

विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ। फाउण्डेसनले कर्णाली उत्सव..कुडा कर्णालकिा, कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहको छ । यसले वाक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकारको पक्षमा वकालत गर्छ ।

विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेसनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ। फाउण्डेशनले आर्थिक, सामाजिक, नीतिगतबहस पैरवीका साथै अनुसन्धानमुलक छलफल पत्र, अनुसन्धानमुलक प्रकाशन र तीनको आधारमा पत्रपत्रिकामा अनुसन्धानमुलक लेख सामाग्री समेत प्रकाशन गर्दै आएको छ। फाउण्डेशनले अनुसन्धान, बहस र पैरवीलाई मुख्य प्राथामिकता दिन्छ।

वीरेन्द्रनगर नगरपालिका ८ सुर्खेत।
फोनः ०८३५२१५६४
ईमेलः hritifoundation@gmail.com info@hriti.org
www.hriti.org